म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ९८ सोमबार ३ मंसिर २०८१ ने. सं. ११४५ कछलागा 18 Noveber 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

विवाह पवित्र बन्धन हो,
विवाहलाई लेनदेनको विषय नबनाऔं
विवाहमा दाइजो लिने र दिने काम नगरौं,
दाइजोका कारण हुने हिंसा अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हेटौंडा-१२ मा वडाअध्यक्ष बन्न १४ जना इच्छुक, जित्छ कसले ?

प्रतिक्षा न्यौपाने

हेटौंडा, २ मंसिर/हेटौंडा उपमहानगरपालिकाको १२ नम्बर वडामा स्थानीय तह उपनिर्वाचनका लागि १४ जनाको उम्मेदवारी परेको छ ।

वडाअध्यक्ष बन्न यति धेरैले इच्छा देखाए । जसमा ५ जना स्वतन्त्र उम्मेदवार छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालय, हेटौंडा-१२ मा आइतबार नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राप्रपा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेकपा (एकीकृत समाजवादी), जसपा, नेपाल मजदुर किसान पार्टीसहित स्वतन्त्र उम्मेदवार गरी १४ जनाले मनोनयन दर्ता गराएको कार्यालयका कमल संजेलले जानकारी दिए ।



२०७९ वैशाखमा भएको स्थानीय तहको निर्वाचनबाट वडाअध्यक्षमा विजयी ललितबहादुर घलान जिल्ला समन्वय समिति मकवानपुरको प्रमुख भएपछि रिक्तपदमा उपनिर्वाचन हुन लागेको हो । घलान माओवादी केन्द्रबाट निर्वाचित भएका थिए ।

वडाअध्यक्ष पदका लागि नेकपा एमालेबाट राजेश नगरकोटीले उम्मेदवारी दर्ता गराए । बखानसिंह घलान प्रस्तावक र अर्जुनप्रसाद अर्याल समर्थक छन् । नेपाली कांग्रेसबाट अर्जुन तिवारीले सुदर्शनप्रसाद लामाको प्रस्ताव र सरणबहादुर घलेको समर्थनमा मनोनयन दर्ता गराएको निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ । नगरकोटी र घलान ३० वैशाख ०७९ मा भएको स्थानीय तह निर्वाचनमा पनि उठेका थिए । जसमा तिवारी दोस्रो र नगरकोटी तेस्रो भएका थिए ।

यस्तै, नेकपा माओवादी केन्द्रबाट रविकुमार प्रधानको उम्मेदवारी परेको छ । प्रधानले उम्मेदवारीमा माधव प्रसाद प्रस्तावक र चन्द्रप्रसाद घलान समर्थक छन् । रास्वपाका आशावीर बललेउम्मेदवारी दर्ता गराए । राजदेव लामाको प्रस्ताव र चन्द्रबहादुर स्याङ्तानको समर्थनमा बलले उम्मेदवारी दर्ता गराएका हुन् । रास्वपाले पहिलोपटक वडामा निर्वाचन लड्दैछ ।

नेकपा (एकीकृत समाजवादी)बाट बलराम बलको मनोनयन दर्ता भएको छ । नेपाल मजदुर किसान पार्टीबाट फूलमाया तितुङ, जसपा नेपालबाट छविलाल वाइबा र मंगोल नेशनल अर्गनाइजेशनबाट दीपा लामाको उम्मेदवारी दर्ता भएको छ । राप्रपाबाट प्रेमबहादुर भ्लोनले मनोनयन दर्ता गराए । राप्रपा उम्मेदवार भ्लोनलाई कमल थापा नेतृत्वको राप्रपा नेपालले समर्थन गर्ने भएको छ ।

राप्रपा नेता तथा प्रतिनिधिसभा सदस्य दीपकबहादुर सिंह र राप्रपा नेपाल मकवानपुर अध्यक्ष गुरुप्रसाद सापकोटाबीच आइतबार बसेको बैठकले भ्लोनलाई राप्रपा नेपालले समर्थन गर्ने सहमति जुटेको राप्रपा सहकोषाध्यक्ष सन्दिप सापकोटाले बताए । २०७९ को स्थानीय तह निर्वाचनमा राप्रपाबाट उम्मेदवार बनेका सरणसिंह थिङले १८३ मत ल्याएका थिए ।

**५ जना स्वतन्त्र उम्मेदवार**

१२ नम्बर वडाको उपनिर्वाचनमा ५ जनाले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । छत्रप्रकाश अधिकारी, गीताकुमारी नेवार, कुमार पोखेल, युनेश लामासिंन्तान र अर्जुन घलानको उम्मेदवारी परेको निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ ।

**वडामा थपिए १५८८ मतदाता**

१२ नम्बर वडामा १५८८ जना नयाँ मतदाता थपिएका छन् । ३० वैशाख ०७९ मा भएको निर्वाचनपछि १२ नम्बर वडामा नयाँ मतदाता थपिएको प्रदेश निर्वाचन आयोगको कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

आयोगको कार्यालयले १२ नम्बर वडामा कुल ८ हजार ५३ मतदाता कायम गरेको छ । ३८७८ पुरुष, ४१७४ महिला र अन्य १ जना मतदाता छन् । यसअघि ६४६५ मतदाता थिए । दुई स्थानमा मतदान केन्द्र स्थापना गरिएको छ ।

प्रतिभा आधारभूत विद्यालय सिग्रेनीमा पाँचवटा बुथ र विष्णुज्योति आधारभूत विद्यालय भोर्लेमा चारवटा बुथ रहने कार्यालयप्रमुख हरिप्रसाद ढकालले जानकारी दिए ।

## हेटौंडामा यातायात कम्पनीद्वारा पहिलो चार्जिङ स्टेशन

साझाकुरा संवाददाता

हेटौंडा, २ मंसिर/हेटौंडामा पहिलोपटक निजी यातायात कम्पनीद्वारा विद्युतीय सवारी (ईभी) चार्ज गर्नको लागि चार्जिङ स्टेशन खोलिएको छ ।



हेटौंडामा १२ वर्ष अगाडि स्थापना भएर सञ्चालनमा रहेको हाम्रो सुमो सेवा प्रालिले हालै ईभी सवारी सञ्चालनसंगै चार्जिङ स्टेशन आज सोमबारदेखि सञ्चालन गर्न लागेको हो । हेटौंडा-४ स्थित भुवनेश्वर महादेव मन्दिर अगाडि *पशुपतिनाथ ई.भी. चार्जिङ सेन्टर प्रालि* सञ्चालनमा आउन लागेको हो ।

विद्युतीय सवारी साधन भित्रने संख्या बढ्दै गएपनि चार्ज गर्ने स्थानको अभावमा सहजै सञ्चालनमा आउन नसकेकोले चार्जिङ स्टेशनसहित ईभी सञ्चालन गरिएको कम्पनीका सञ्चालक भेष खड्गीले बताए । 'ईभीको भित्रने संख्या बढ्यो तर, चार्ज गर्न घण्टौंसम्म कुर्नुपर्ने अवस्था छ', सञ्चालक खड्गीले सोही समस्या समाधान गर्न हाल ६ वटा प्वाइन्टसहित चार्जिङ स्टेशन सञ्चालनमा ल्याइएको बताए । उनले राजमार्गबाट केहीभित्र सहजै चार्ज गर्न सकिने गरी चार्जिङ स्टेशन सञ्चालनमा ल्याइएको बताए ।

नेपाल विद्युत् प्राधिकरणले डेढ वर्षअघि हेटौंडा-१५ रातोमाटेमा चार्जिङ स्टेशन सञ्चालन गर्दै आएपनि निजी क्षेत्रको यातायात व्यवसायी आफैंले हेटौंडामा पहिलोपटक चार्जिङ स्टेशन सञ्चालन भएको हो । यसअघि प्राधिकरणको अनुदान सहयोगमा हेटौंडा-९ कर्रा र हेटौंडा-११ थानाभन्याङमा निजी ईभी कम्पनीद्वारा चार्जिङ स्टेशन सञ्चालनमा छ ।

चार्जिङ स्टेशन पर्याप्त नहुँदा करिब दुईसय ५० वटा सवारी भित्रिसकेको हेटौंडाका व्यवसायीहरु मारमा पर्दै आएका छन् । हेटौंडामा चार्जिङ स्टेशन पर्याप्त नहुँदा समयमा सवारी गन्तव्यमा पुग्न नसक्ने, घण्टौंसम्म कुरेर चार्ज गर्नुपर्ने जस्ता समस्या पर्दै आएको छ ।

## श्यामकुमारले ल्याए नयाँ स्वदेशगान

साझाकुरा संवाददाता

हेटौंडा, २ मंसिर/हेटौंडाका साहित्यकार श्यामकुमार बानियाँद्वारा रचित स्वदेशगान 'यो देशले तिम्रो काँध मागेको छ' को म्युजिक भिडियो सार्वजनिक भएको छ । आइतबार सर्वश्री मिडियाको युट्युब च्यानलमार्फत् म्युजिक भिडियो सार्वजनिक गरिएको हो ।




गीतमा नवराज पराजुलीको स्वर र ओमप्रकाश राईको संगीत रहेको छ । यस्तै रामकृष्ण थापाले संगीत संयोजन गरेका छन् । म्युजिक भिडियोको छायांकन तथा सम्पादन हेटौंडाका फोटो पत्रकार महेन्द्र ओझाले गरेका हुन् । लामो समयदेखि मकवानपुरमा रहेर साहित्य रचना गर्दै आएका बानियाँले यसअघि दुईवटा स्वदेशगानसहित पाँचवटा गीतका म्युजिक भिडियो ल्याइसकेका छन् ।

बानियाँका 'आकाश खुल्यो सुस्तरी' र 'हिमालमा घाम झुल्क्यो' बोलका स्वदेशगान २०८० फागुनमा सार्वजनिक भएका थिए । गायनमा समेत रुची राख्ने बानियाँले 'आकाश खुल्यो सुस्तरी' आफ्नै स्वरमा रेकर्ड गराएका थिए । यस्तै उनको आवाजमा 'शून्य शून्य' र 'माया भन्नु' बोलको गीतका म्युजिक भिडियो गत असोजमा सार्वजनिक भएका थिए ।

## प्रदेश लोकसेवा आयोगलाई व्यवस्थित र विश्वासिलो बनाउन सुझाव



साझाकुरा संवाददाता

हेटौंडा, २ मंसिर/बागमती प्रदेशका प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले लोकसेवा आयोगलाई व्यवस्थित र विश्वासिलो बनाउनुपर्ने सुझाव दिएक छन् ।

आइतबार हेटौंडामा आयोजित प्रदेश लोकसेवा आयोगको पाँचौं स्थापना दिवसलाई सम्बोधन गर्दै उनले नागरिकको भरोसालाई ध्यानमा राखेर परीक्षा सञ्चालन, विज्ञापन प्रकाशन, सरुवा/बढुवाको विषयमा संवेदनशील भएर कार्य गर्नुपर्ने बताए । स्वच्छता, निष्पक्षता, वस्तुगतगुणलाई शिरोधार्य गरेर जनताको भरोसालाई कायम राख्दै छिटोछरितो र विश्वासनीय रुपमा कार्यसम्पादन गर्न उनले आग्रह गरे ।

'प्रदेश लोकसेवा आयोगमा विभिन्न जटिलताले समस्या उत्पन्न भएका छन्, त्यसलाई व्यवस्थित गर्न सबैपक्षलाई आग्रह छ', उनले भने । आफू प्रदेशप्रमुख भएको सयदिन पुरा भएकोमा खुशी व्यक्त गर्दै लोकसेवा आयोगलाई स्थापना दिवसको शुभकामना व्यक्त गरे । हरेक समस्याको समाधान हुन्छ, प्रदेशप्रमुखले समस्याको समाधानमा सधैं तत्पर रहने समेत प्रतिवद्धता व्यक्त गरे ।

त्यस्तै, समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री बहादुरसिंह लामाले आयोगलाई विश्वासिलो बनाउन सरकार कटिबद्ध रहेको बताए । आयोगलाई छिट्टै सरकारी भवनमा सार्ने व्यवस्था गरिनुका साथै आयोगलाई प्रभावकारी बनाउन सकियो भने सरुवा र बढुवामा सहजता पुग्ने मुख्यमन्त्री लामाले बताए । सिस्टम बिकास गर्न सरकार प्रतिबद्ध रहेको बताउँदै मुख्यमन्त्री लामाले आयोगमा भएका चुनौतीलाई समाधान गर्न सबैक्षेत्रको साथ सहयोग रहनुपर्ने बताए ।

बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले सरुवा/बढुवामा पावर र भनसुन नलाग्ने बताए । परीक्षालाई विश्वासिलो बनाई ऐनमा सरुवा र बढुवालाई उल्लेख गर्न धेरै राम्रो हुने बताए । आयोगले गर्ने कार्यको मोडालिटी परिवर्तन गरी पुरानै पद्धतिलाई विस्तारै प्रयोग कम गर्दै लैजानुपर्नेमा उनले जोड दिए ।

आयोगका अध्यक्ष महेश्वर श्रेष्ठको अध्यक्षतामा भएको समारोहमा प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेल, प्रदेश सरकारका मन्त्रीहरु, उपसभामुख अप्सरा चापागाई, प्रदेश मुख्यसचिव डा. हरि प्रसाद लम्साल, कर्मचारी, सुरक्षा निकायका प्रमुख तथा सञ्चारकर्मीको उपस्थिति थियो । कार्यक्रममा आयोगका सदस्य शर्मिला न्यौपानेले आव २०८०/८१ को वार्षिक प्रतिवेदनका प्रमुख विषयवस्तुबारे जानकारी दिएकी थिइन् ।

## कमलडाँडास्थित कोठामा मृत भेटिए माझी

साझाकुरा संवाददाता

हेटौंडा, २ मंसिर/हेटौंडामा आइतबार बिहान एकजना मृतअवस्थामा फेला परेका छन् । हेटौंडा उपमहानगरपालिका-४, कमलडाँडास्थित एक घरमा एकजना मृतअवस्थामा फेला परेको मकवानपुरका प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

प्रहरी नायवउपरीक्षक अर्यालका अनुसार, मृतअवथामा फेला पर्नेमा सिन्धुपाल्चोकको इन्द्रावती-११ नम्बर वडाका स्थायी बासिन्दा भई हाल हेटौंडा-४ कमलडाँडामा डेरा गरी बस्दै आएका अन्दाजी वर्ष २९ को भगवती भनिने ईन्द्रबहादुर माझी (तेस्रो लिङ्गी) रहेका छन् । घटनाको बारेमा प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रक्रिया अगाडि बढाएको छ ।

**पालुङ बहुउद्देश्यीय सहकारी संस्था लि.**

थाहा नगरपालिका, मकवानपुर

**२५ औं बार्षिक साधारणसभासम्बन्धी सूचना**

(दोस्रो पटक प्रकाशित: २०८१/७/२९)

यस संस्थाको संचालक समितिको निर्णयानुसार २५ औं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका बिषयमा छलफल तथा निर्णयका लागि बस्ने भएको हुँदा तपाई शेयरधनी सदस्यज्यूलाई उक्त सभामा गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारणसभा हुने**

मिति : २०८१ मंसिर २९ गते शनिबार
समय : बिहान १०:०० बजे
स्थान : संस्थाको प्राङ्गण, थाहा नगरपालिका-४, थानाबजार

**छलफलका विषयहरु**

१. २५ औं वार्षिक साधारणसभाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिबेदन सम्वन्धमा ।
२. आ.व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदनसहितको आर्थिक प्रतिवेदन सम्बन्धमा ।
३. २५ औं वार्षिक साधारणसभामा लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
४. आ.व. २०८१/०८२ को प्रस्तावित कार्यक्रम तथा बजेट सम्बन्धमा ।
५. आ.व. २०८१/०८२ को लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्वन्धमा ।
६. संस्था एकीकरण (गाभ्ने), प्राप्ति गर्ने र सेवा केन्द्र थप गर्ने सम्बन्धमा ।
७. शेयर लाभांश वितरण सम्बन्धमा ।
८. कोषहरु खर्च गर्ने सम्बन्धमा ।
९. संस्थाको नाममा कायम भएका जग्गाहरु बिक्री गर्ने सम्बन्धमा ।
१०. बाह्य दायित्व स्वीकार तथा दायित्व मिनाहा सम्बन्धमा ।
११. साधारणसभाको निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि छनौट गर्ने सम्बन्धमा ।
१२. विविध ।

भवदीय
(नवराज विष्ट)
सचिव

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# तथ्यांकबिहीन प्रदेश सरकार

मुलुक संघीय संरचनामा गएपछि धेरै काम सहज हुने अपेक्षा गरिएको थियो । 'गाउँगाउँमा सिंहदरबार' भन्ने नारा खुब रट लगाइयो । तर, गाउँमा सिंहदरबार होइन कि जनताले सिंह मात्र फेला पारे वा भेट्टाए । असोज दोस्रो साताको अविरल वर्षाका कारण आएको भिषण बाढीपहिरोले सबैभन्दा धेरै क्षति बागमती प्रदेशमा गरेको थियो । बाढीका कारण बागमती प्रदेशको काभ्रे, ललितपुर, मकवानपुर, काठमाडौं, सिन्धुली, धादिङमा ठूलो जनधनको क्षति हुन पुग्यो । गृह मन्त्रालय मातहतको राष्ट्रिय आपत्तकालीन कार्यसञ्चालन केन्द्रको १० असोजदेखि २९ कार्तिकसम्म बागमती प्रदेशमा कुल २५० वटा विपदजन्य घटना भएको तथ्यांक छ । विपद्बाट ५ हजार ३ सय ३२ परिवार प्रभावित हुँदा २२० जनाको मृत्यु, १४ जना बेपत्ता, १६९ जना घाइते छन् । यो तथ्यांक राष्ट्रिय आपत्तकालीन कार्यसञ्चालन केन्द्रबाट सापटी लिएर प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले उपलब्ध गराएको हो । मन्त्रालयसँग आफ्नै पहलमा संकलन गरिएको तथ्यांक नै छैन । घटनाको करिब डेढ महिना बितिसक्दा पनि प्रदेशका १३ जिल्लामा भएका जनधनको यकिन विवरण मन्त्रालयसँग उपलब्ध नभएको हो ।

जिल्लास्थित जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालयमा पठाएको तथ्यांककै भरपर्नु परेको मन्त्रालयको विपद् व्यवस्थापन शाखाले जनाएको छ । मन्त्रालय मातहतका सबै जिल्लामा कार्यालय नहुँदा तथ्यांक संकलन गर्न नसकिएको गुनासो गरेर मन्त्रालयका कर्मचारी उम्कन खोजेको समाचार आएको छ । कानुन मन्त्रालयकै कार्यालय नभए पनि प्रदेशका १३ जिल्लामा प्रदेश सरकार मातहतका खानेपानी तथा पूर्वाधार हेर्ने कार्यालय छन् । मन्त्रालयले प्रहरीको तथ्यांकमा भर पर्नुपरेको बताइन्छ । मन्त्रालयले पत्राचार गरेर तथ्यांक उपलब्ध गराइदिन अनुरोध गर्दा पनि स्थानीय तह र जिल्ला प्रशासन कार्यालयले तथ्यांक नै नदिएको आरोप छ । सरकार ले तथ्यांक माग्दा उपलब्ध नगराउने निकायलाई कारबाही गर्ने कानुनी व्यवस्था नभएकाले समस्या आइरहेको बताइएको छ । कानुन मन्त्रालयले २० असोजमा सबै जिल्ला प्रशासन कार्यालयलाई जिल्ला व्यवस्थापन समितिमा स्थानीय तहबाट पठाइएको तथ्यांक उपलब्ध गराइदिन पत्राचार गरेको विपद् शाखाले जानकारी दिएको छ । मन्त्रालयसँग विपद्को तथ्यांक प्राप्त भएको छैन । विपद् शाखाका अनुसार मन्त्रालयलाई धादिङ जिल्ला प्रशासनबाट १८ असोजमा र दोलखाबाट १७ असोजमा विपद्को प्रराम्भिक तथ्यांक प्राप्त भएको थियो । कानुन मन्त्रालयकै सामुन्ने रहेको मकवानपुरको जिल्ला प्रशासनबाट पनि तथ्यांक उपलब्ध भएको छैन । जिल्लास्थित कार्यालयले संघीय सरकारलाई तथ्यांक पठाउँछ तर, प्रदेश सरकारलाई पठाउँदैन । जिल्लामा विपद्बाट ठूलो जनधनको क्षति हुँदा पनि प्रदेश सरकारले उद्दार र राहतमा प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको भन्दै ब्यापक रुपमा आलोचना भएको थियो ।

तथ्यांकविहीन सरकारले विपद्को क्षति न्यूनीकरणमा खेल्नुपर्ने नीतिगत भूमिकाप्रति शंका उब्जिएको छ । जलवायु परिवर्तनको असर न्यूनीकरणमा प्रदेश सर कारले काम गर्न नसक्दा विपदजन्य घटनाको सामना गर्नुपरिरहेको सरोकारवाला बताउँछन् । तथ्यांकसमेत संकलन गर्न नसक्ने प्रदेश सरकारले जलवायु परिवर्तनको क्षेत्रमा काम गर्नेमा उनीहरुको आशंका छ । जलवायु परिवर्तनको असर न्यूनीकरणमा बजेट व्यवस्था गरेपनि प्रदेशमा कार्यालय र वातावरण हेर्ने कर्मचारीको व्यवस्थापन सरकारले गर्न नसकेको बागमती प्रदेशसभाको उद्योग, पर्यटन तथा वातावरण समितिले जनाएको छ । जलवायु परिवर्तनको रोकथाम र न्यूनीकरणका लागि तीन तहका सरकारबीच समन्वय अभाव भएको र स्थानीय तहले जलवायु परिवर्तनका क्षेत्रमा काम गर्न सकेको छैन । प्राकृतिक प्रकोपको सबैभन्दा बढी प्रभाव गरिब र विपन्नवर्गलाई परेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ मंसिर ४ गते मंगलबार १९ नोभेम्बर २०२४ । चतुर्थी, मार्ग कृष्णपक्ष । कछलागा ११४५ ने.सं. । सूर्योदय ६:२९, सूर्यास्त ५:०८ । विश्व शौचालय दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मानसिक सन्तोष हुनेछ | **तुला** | : अधुरा काम सम्पन्न हुनेछ |
| **वृष** | : धन प्राप्ति हुनेछ | **वृश्चिक** | : सवारी साधनबाट क्षति हुन सक्नेछ |
| **मिथुन** | : व्यापारमा नयाँ योजना बन्नेछ | **धनु** | : रिसाउने बानीले काम बिग्रनेछ |
| **कर्कट** | : कठिनाई कम हुनेछ | **मकर** | : नोकरीबाट असन्तोष बढ्नेछ |
| **सिंह** | : साथीभाइमा मनमुटाव हुनेछ | **कुम्भ** | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ |
| **कन्या** | : नयाँ काम समय देखिन्छ | **मीन** | : धार्मिक कार्यबाट प्रगति हुनेछ |

# आजको अव्यावहारिक राजनीति



✍ ध्रुव सिम्खडा

आम सर्वसाधारण अन्यमनस्क स्थितिमा छन् । कसलाई पत्याउने ? कसलाई नपत्याउने ? कुन समाचार ठीक ? कुन बेठीक ? कुन नेता/पार्टी ठीक ? कुन बेठीक ? छुट्याउन सरल छैन आजको राजनीति । ढाँट, छलकपट र भ्रमै-भ्रमको बीचमा सही र गलत राजनीतिकर्मीलाई पर्गेल्नुपर्ने चुनौती सर्वसाधारणलाई छ आज । राजनीति जति व्यावहारिक भयो उति सरल पनि बन्छ । यसलाई जस्तो बनायो त्यस्तै बनिदिन्छ । सरल बनाउन खोजे सरल बन्छ जटिल बनाउन खोजे जटिल । इमान र निष्ठाको जनकेन्द्रित राजनीति गर्नेहरूले राजनीतिलाई सहज र सरल बनाउँछन् जस्तो तिनको जीवनशैली हुन्छ । तर अहिले राजनीति यति खराब र अव्यावहारिक बनेको छ कि यसको बयान गरी साध्यै छैन ।

हाम्रो राजनीति किन यति धेरै अव्यावहारिक बन्दैछ त ? यसका कारण छन् र सुल्झाउने तरिकाहरू पनि । तर हाम्रा राजनीतिज्ञहरूको ध्यान त्यसतर्फ गइरहेको छैन । राजनीतिमा लागेका नयाँ/पुराना सबैको ध्यान सिंहदरबारदेखि वडाका पद हत्याउन केन्द्रित भएका छन् । अर्थात् सिद्धान्त मरेको छ, पदमोहको जगजगी बढेको छ । हरेकलाई पद चाहिएको छ । पद विनाको राजनीति आजका नेपालीलाई राजनीति नै हो भन्ने लाग्दैन ।

हारोस् कि जितोस्, जनताको सेवा गरेको होस् कि जनतालाई छक्याउने र आफ्नै दुनो मात्र सोझ्याउने काम गरेको किन नहोस् सबैलाई जसरी नि टिकट चाहिएको छ, पदमा पुग्ने जिजीविषा पलाएको छ । यसले राजनीतिलाई अव्यावहारिक मात्र बनाउँदैन कलुषित र भ्रष्ट पनि बनाउँछ ।

जनसेवाको लागि कल्पना गरिएको र अभ्यास हुँदै आएको राजनीतिलाई वैश्य युगले खर्लप्पै पारेको छ । पैसाको बिटो नबोकी आज नेपालमा कुनै पनि दलका कुनै पनि नेता वा स्वतन्त्र भनी मतदातामाझ स्वाङ पारिरहेका कोही पनि चुनावी मैदानमा जान सक्ने स्थिति छैन । पैसा नै पदमा पुग्ने सहारा बनेको छ । पैसा भयो भने जस्ताले पनि पार्टीको टिकट पाउने र चुनाव उठ्न सक्ने परिस्थिति जुन बनेको छ यो लोकतन्त्रका लागि घातकसिद्ध हुँदैछ ।

हामीले चाहेको र अपनाएको लोकतान्त्रिक राजनीतिका केही मूलभूत विशेषताहरू छन् । पदमा रहेर राजनीति गर्नेले हुन् कि पदबाहिर रहेर यसप्रति शुभेच्छा राख्नेहरूले हुन् प्रथमत: राजनीतिक संस्कार भुल्नुहुँदैन । अहिले राजनीतिक संस्कार शून्यतर्फ ओरालो लाग्दैछ । राजनीतिबाट सेवा र संस्कार भन्ने मूल तत्व हराएको छ । राजनीति पद, प्रतिष्ठा र पैसाको लागि विना लगानीको उर्वर उद्योगमा परिणत भएको छ ।

**राजनीति किन अव्यावहारिक बन्छ ?**

संस्थाहरूको क्षयीकरण : जब कुनै पनि मुलुकमा स्थापित लोकतान्त्रिक संस्थाहरूमा ह्रास आउँछ तब राजनीति अव्यावहारिक बन्ने क्रम शुरू हुन्छ । राजनीतिक दल भन्नुस् कि सरकार यसमा संलग्नहरूले लोकतान्त्रिक संस्थाहरूको साख गिराउनाले नै राजनीति भ्रष्ट बन्न पुग्छ । संसद् भन्नुस् कि अदालत अर्थात् अख्तियार भन्नुस् कि निर्वाचन आयोग वा महालेखा परीक्षक सबैले स्वतन्त्र भएर काम गर्न सके मात्र लोकतन्त्रको गरिमा जोगिन्छ । जब यी संस्थाहरूले मुलुकको विद्यमान संविधान, ऐन, कानुनको बर्खिलाप कार्यकारीसित साँठगाँठ गर्न थाल्छन् लोकतान्त्रिक राजनीतिको अन्त्य अवश्यंभावी हुन्छ । अहिले हाम्रो मुलुकमा उल्लिखित संस्थाहरूले स्वतन्त्र रूपमा निर्णय गर्ने क्षमता राख्छन् त ? यी संस्थाहरू दलविशेष, कार्यकारी विशेष, नेताविशेषको मुख हेरेर आफ्नो फाइदा, बेफाइदाको हिसाबकिताब गरेर मात्र निर्णय गर्दैछन् । त्यसैले यहाँ लोकतान्त्रिक संस्थाहरू चाहे सरकारी हुन् कि नागरिक तहमा स्थापित भएका हुन् ती सबै कसै न कसैको कठपुतली बनेका छन् ।

अपराध र राजनीतिको गठजोड : जब राजनीतिमा अपराधको छायाँ पर्छ तब राजनीति भयाक्रान्त बन्न पुग्छ । २०५२ सालयता हाम्रो मुलुकको राजनीतिमा हिंसाको छायाँ मडारिन थाल्यो । चाहे त्यो विद्रोही माओवादी पक्षबाट होस् या राज्य सिर्जित प्रतिरोधात्मक हिंसाका वारदातहरू किन नहोस् । संविधानसभा एक र दुई, संविधानसभाबाट संविधान घोषणा पश्चात् सम्पन्न संघीय र प्रादेशिक सभाको निर्वाचनमा अपराध कर्ममा जोडिएकाहरूको प्रवेश र विजयसँगै आज 'राजनीति हो कि अपराध' हो भन्ने छुट्याउन नसकी सर्वसाधारणले अन्योलमा पर्नु परेको अवस्था छ ।

विभिन्न पेशामा लागेर राज्यलाई ठगेका र प्रशस्त कालो धन आर्जन गरेकाहरू पनि नेताका वरिपरि पुग्नु, निर्वाचनमा सहभागी हुनु, टिकट खरिद-बिक्रीको दुष्चक्रमा निर्वाचन प्रणाली मनी, मसल र मुस्तण्डेहरूको कब्जामा पुग्नु लोकतान्त्रिक गणतन्त्रको विशेषता जस्तै बन्न पुगेको छ । यदि अपराधको छायाँबाट राजनीतिलाई अलग राख्न नसक्ने हो भने लोकतान्त्रिक गणतन्त्रमा ग्रहण लाग्ने निश्चित छ ।

व्यक्ति हिरो बन्ने होड : लोकतान्त्रिक राजनीतिमा व्यक्तिहरू आउने जाने भइरहन्छ । राजनीतिक नेताहरूले एक आवधिक निर्वाचनपछि अर्को आवधिक निर्वाचनमा जनताबाट अनुमोदित हुनुपर्छ । त्यसो हुन नसके उनीहरूको राजनीतिक यात्र त्यहीं विराम लाग्न पुग्छ । त्यो ठाउँमा अर्कै व्यक्ति निर्वाचित भएर आउँछ र जनताको सेवा गर्छ । तर राज्यमा गठित संस्थाहरूले भने निरन्तर पारदर्शी बनेर जनताको सेवा गरिरहेका हुन्छन् । यदि त्यस्ता संस्थाहरूले निष्पक्ष काम गर्न सकेनन् भने बेथिति र भ्रष्टाचारले पूरै समाजलाई आहत बनाउँछ । लोकतान्त्रिक व्यवस्थाभित्रै विभिन्न चण्डमुण्डहरू जन्मिन्छन् । र, तिनले आफूलाई जनताका यावत् समस्याको रामवाण बताउँदै दोष जति अरूका थाप्लामा थोपरेर आफू हिरो बन्ने होडबाजी चल्छ । अहिले हाम्रो अवस्था यस्तै छ ।

यदि नेतृत्वले इमानदार भएर व्याप्त भ्रष्टाचार र बेथिति नियन्त्रण गर्न समयमा ध्यान दिएन भने रोमाञ्चक राजनीतिको मञ्चमा र माइरहेकाहरूले सजिलै जनतालाई आफूतिर आकर्षित गर्न र आगामी निर्वाचनमा मतदाताको मन जित्न बेर छैन । त्यसैले अहिलेको समय भनेको लोकतान्त्रिक गणतन्त्रमा विश्वास गर्ने नेतृत्वले बेलैमा सचेत, सजग र इमानदार भएर प्रस्तुत हुनु हो । विगतका आफ्नै अराजनीतिक र अव्यावहारिक गतिविधिका कारण भ्रमित र दूषित बनेको राजनीतिक वातावरण सुधार्ने पहिलो कर्तव्य पनि राजनीतिक दल र तिनका नेतृत्वकै हो ।

**परिणाम**

ठूलो संख्यामा भ्रमित मास पैदा भएमा राजनीति अव्यावहारिक र जटिल बन्छ । त्यस्तो राजनीतिले लोकतान्त्रिक संस्कार र संस्था दुवैलाई हानि पुऱ्याउँछ । अन्त्यमा लोकतन्त्र नै मासिन सक्छ । अव्यावहारिक राजनीतिले कि त तानाशाह जन्माउँछ कि 'टेलिजेनिक हिरो'हरू । अनि तिनले समाजको समस्या पार लगाउनुको सट्टा पीडा थप्ने सिवाय केही गर्दैनन् ।

२०४८ सालको निर्वाचनका बखत विद्वान् लेखक सीके प्रसाईको एउटा गहन पुस्तक 'व्यावहारिक राजनीतिको प्रारम्भिक रूपरेखा' पढेको थिएँ । उक्त पुस्तकको थालनीमा लेखिएको छ- 'राजनीतिमा काम गर्ने हामी कार्यकर्ताहरूले एउटा ठूलो कठिनाइको सामना गर्नु परिरहेको छ र त्यो व्यावहारिक राजनीति बारेको साहित्यको ठूलो अभाव । यस अभावको अनुभव मलाई र मेरा कतिपय साथीहरूलाई हुँदै आएको हो ।' ३३ वर्षअघि सीके प्रसाई र उनका साथीहरूले गरेको व्यावहारिक राजनीति बारेको साहित्यको अभाव आज झनै बढेर गएको छ ।

अहिले चर्को राजनीतिक साहित्यको जमाना हो । यहाँ नम्र, विनयशील र इमानदार राजनीतिक साहित्य दुब्लाउँदै गइरहेछ । मिडियामा जताततै चर्काचर्का राजनीतिका कुरा बोल्ने र लेख्नेहरूको मात्र बजारमा भाउ छ । सरल, सौम्य र शिष्ट भाषामा बोलिएका र लेखिएका राजनीतिक यथार्थ झल्कने राजनीतिक साहित्यिक साहित्यप्रति धेरैलाई रुचि छैन । जब राजनीतिक साहित्य नै अव्यावहारिक राजनीतिको 'रेसिपी' पस्किरहेका छन् भने त्यहाँ व्यावहारिक राजनीतिको खोजी गर्नु भनेको मरुभूमिमा झरनाको चिसो पानी खोजे सरह हुन्छ । राजनीतिलाई सरल बनाउने कि जटिल ? अँधेरा कोठाहरूमा रचिने कुटिल चालहरूको गाथा बनाउने कि सफेद, सरल र व्यावहारिक बनाउने कि भ्रष्ट र अव्यावहारिक ? कस्तो राजनीतिक भविष्य निर्माण गर्ने हो ? राजनीतिक क्षेत्रका प्रत्यक्ष र अप्रत्यक्ष सबै खेलाडीहरू सचेत हुनुपर्ने अवस्था टड्कारो छ ।

अहिले हामी लोकतान्त्रिक गणतन्त्रको अभ्यास गरिरहेका छौं । स्वरूपमा हामीले संघीय लोकतान्त्रिक गणतन्त्र पाएका छौं । राजनीतिक दलहरू वा निर्वाचित प्रतिनिधिहरूको हातमा मुलुकको शासनसत्ता रहेको छ । यस्तो अवस्थामा पनि राजनीति थप भ्रष्ट र अव्यावहारिक बन्दै जानु दु:खद् हो । राजनीतिमा सेवाभाव मरेको छ, यसलाई कमाइखाने भाँडोमा रूपान्तरण गरिएको छ । राजनीतिकर्मी, कर्मचारी र बिचौलियाहरूको त्रिकोणात्मक मिलीभगतमा मुलुकको ढुकुटी मनपर्दी गर्नेहरूको हालीमुहाली र दबदबाले समाज आक्रान्त बन्न पुगेको छ । किनकि, यी तीनैथरी तत्व संविधान, ऐन, कानुनको छिद्रबाट छिरेर बदमासी गर्न उद्यत रहेकोले सबैभन्दा पहिले संविधान र ऐन, कानुन विपरीत काम गर्ने जो-कोहीलाई कारबाहीको दायरामा ल्याउन सशक्त लोकतान्त्रिक संस्थाहरू अग्रसर हुनु आवश्यक छ । हाम्रो वर्तमान समस्या भ्रष्टाचार नियन्त्रण र सुशासन बहालीको हो न कि व्यवस्था परिवर्तन । तर सुशासन बहाली कसले गर्ने ? अहिले परिस्थिति 'बिरालोलाई घण्टी झुण्ड्याउने को ?' भन्ने कथाको जस्तो छ ।

*(साभार : अनलाइनखबर)*

# निजामती कर्मचारी उत्साहित छन् त ?

✍ यज्ञप्रसाद भट्टराई

करिब चार वर्षअगाडि सरकारी कामका सिलसिलामा मलाई धनगढीमा रहेको नेपाली सेनाको वाहिनीपतिको कार्यालयमा पस्ने अवसर मिल्यो । त्यति बेला सेनामा कार्यरत सिपाहीले मसँग जिज्ञासा राखे– हाम्रो सोह्रवर्षे कहिले आउँछ ? सोह्र वर्षे भन्नाले सोह्र वर्ष सेवा गरेपश्चात् निवृत्तिभरण पाउने गरी अवकाश लिने व्यवस्था हो, जुन नेपाली सेनामा कार्यान्वयनमा आइसकेको छ ।

मैले उनलाई सोधेँ– यहाँको जागिर अवधि कति भयो ? हजुरको घर कता हो ? उनले जवाफ दिए– जागिर तेह्र वर्ष भयो र घर धनगढीमै हो । मैले भनेँ– घरपाई मिलेकाले र म्रै रहेछ, किन सोह्र वर्ष खोज्नुभएको छ ?

उनले मलिनो अनुहारमा भने– के गर्नु ? तलबले खान पुग्दैन, बालबच्चा पाल्नै पुग्दैन, एउटा घडेरीसम्म किन्न पनि सकिनँ, वास पनि बनाउन सकेको छैन, बालबच्चालाई उनीहरूको इच्छा अनुसारको खुवाउन र लगाउन दिन पनि सकेको छैन । बिरामी परेमा औषधी उपचार गराउन पनि समस्या पर्छ । छिटै पेन्सन पाके विदेश जान हुन्थ्यो, त्यहाँ सेक्युरिटीको जागिर गरेर मेरो आफ्नो व्यवस्था गर्ने थिएँ । त्यसैले छिटो सोह्र वर्षे आइदिए हुन्थ्यो । यी एक प्रतिनिधि पात्र मात्र हुन् तर नेपालको निजामती सेवा लगायत अन्य सरकारी सेवामा कार्यरत अधिकांश इमानदार र नैतिकवान् कर्मचारीको अवस्था यस्तै छ ।

निजामती कर्मचारीप्रति सबै क्षेत्रबाट एउटै गुनासो गरिन्छ– जनअपेक्षा अनुसार काम गर्न सकेनन् । राजनीतिक नेतृत्व, सेवाग्राही, नागरिक समाज, सञ्चारजगत, करदाता, व्यवसायी लगायत सबै निजामती सेवाबाट सन्तुष्ट छैनन् । अर्कोतिर, निजामती सेवालाई बिचैमा छाड्नेको संख्या क्रमश: बढ्दै गइरहेको छ । सुरक्षा निकायमा झनै विकर्षण बढ्दो छ । माग बमोजिमको संख्यामा दर्खास्त नै नपर्ने एवं दर खास्त परे पनि जनशक्ति आपूर्ति हुन सकेको देखिँदैन ।

**अनुसन्धान भएन**

सबै कर्मचारी खराब होइनन् । यहाँनेर एउटा उदाहरण प्रस्तुत गर्न चाहन्छु । भारतीय राजनीतिज्ञ लालबहादुर शास्त्री ठुला समाजसेवी पनि थिए, तर उनी सकेसम्म आफ्नो नाम चर्चामा नआओस् भन्ने चाहन्थे । एक दिन एक साथीले शास्त्रीलाई सोधेछन्– शास्त्रीजी ! तपाईं पत्रिकामा नाम आउँछ भनेर किन डराउनुहुन्छ ? शास्त्रीजीले भनेछन्– ताजमहलमा दुई प्रकारका ढुङ्गा छन् । एउटा, ताजमहलको बाहिर रहने ढुङ्गा र अर्को ताजमहलको जगमा रहेका ढुङ्गा । बाहिरपट्टिको ढुङ्गा सङ्गमर्मरका हुन्, टलक्क टल्कन्छन्, जसलाई संसारले देख्छ, चर्चा गर्छ । ताजमहलको जगमा पनि ढुंगा छन् । जसलाई बाहिरबाट हेर्दा कसैले देख्दैन, न कसैले चर्चा गर्छ तर ती ढुङ्गाले नै ताजमहल थामेको छ । मित्र ! म पनि त्यही ताजमहलको जगको ढुङ्गा बन्न चाहन्छु ।

ताजमहलमा देखिने ढुंगाजस्तै हाम्रो सरकारी एवं निजामती सेवामा पनि एकथरी कर्मचारी सेलिब्रेटी छन्, जो शक्तिको वरिपरि घुम्छन्, शक्तिको प्रयोग बढी गर्न पाइने वा सुविधा बढी उपयोग गर्न मिल्नेजस्ता कार्यालय वा निकायमा बारम्बार जाने वा जान खोज्ने गरिरहेका हुन्छन् । उनीहरूले तलब-भत्ताबाहेक पनि राम्रै अतिरिक्त लाभ लिइरहेका हुन्छन् । अर्को थरी ताजमहलको जगको ढुंगाजस्तै इमानदार कर्मचारी छन्, जो दूरदराजमा सेवा प्रवाह गरिरहेका छन् वा कार्यालय धानेका छन् । उनीहरूले आफ्नो विज्ञापन गर्न सक्दैनन्, वा चाहँदैनन् र उनीहरु चर्चामा आउँदैनन् । उनीहरु शक्ति केन्द्र पनि धाउँदैनन् । ती ताजमहलको जगको ढुङ्गाको काम गरिरहेका छन् र समग्र निजामती सेवाको साख जोगाइरहेका छन् । ती कर्मचारीलाई न कसैले देख्छ, न कसैले उनीहरूको मर्का बुझ्न खोज्छ वा न कसैले उनीहरूको चर्चा नै गर्छ । त्यस्ता प्रकृतिका कर्मचारी उत्प्रेरित वा उत्साहित छन् वा छैनन्, उनीहरू अझ उत्प्रेरित र उत्साहित बनाउन राज्यले के गर्नुपर्छ जस्ता विषयमा बहस र छलफल केन्द्रित हुनु आवश्यक छ ।

कर्मचारीको निराशा र मनोदशालाई लिएर अध्ययन अनुसन्धान भएको पाइँदैन । कर्मचारीका समस्या के हुन् ? किन जनअपेक्षा अनुरुप काम भइरहेका छैनन् ? कर्मचारीको मनोबल उच्च छ वा छैन ? वर्तमान तलब-भत्ताले उसको आधारभूत आवश्यकता परिपूर्ति हुन्छ वा हुँदैन ? यी विषयमा राम्रोसँग नबुझी गोलमटोल रूपमा सबै कर्मचारी खराब छन् जस्तो गरी आरोप मात्र लगाएको सुनिन्छ ।

**तलबको तुलना**

आवश्यकताको सोपानमा पहिलो अनि अत्यावश्यक हुन्छ शारीरिक आवश्यकता, जसलाई 'फिजियोलोजी निड' भनिन्छ । जसअन्तर्गत विश्वस्वास्थ्य सङ्गठनले तोकेको क्यालोरीयुक्त खाना खानुपर्ने हुन्छ र त्यो आफूलाई मात्र होइन, आफ्नो परिवारलाई समेत आवश्यक पर्छ । त्यसैगरी वासस्थान, पोसाक, स्वास्थ्य सेवा, छोराछोरीका लागि शिक्षा आदि गुणस्तरीय पाउनुपर्छ । यी न्यूनतम कुरा आधारभूत आवश्यकता भित्र पर्छन् । यी पूर्ण रूपमा प्राप्त नभएसम्म अन्य कुरा सोच्न पनि कठिन पर्छ ।

उच्च नेतृत्व तहले कर्मचारीको तलबभत्ता, सेवा-सुविधा, वृत्तिविकास लगायत कुरामा खासै ध्यान दिएको पाइँदैन । यस्ता कुराको बेवास्ता गर्दा सक्षम तथा इमानदार कर्मचारी पलायन भएको र पलायन हुनुपर्ने अवस्था सिर्जना हुँदै गइरहेको छ । पूर्वप्रधानन्यायधीश सुशीला कार्कीले एकपटक सर्वोच्च अदालतमा भन्नुभएको थियो, 'मैले कर्मचारीलाई सधैं निन्याउरो, ख्याउटे, मलिनो देख्छु किनभने उनीहरूलाई खान पुग्ने गरी तलब नै छैन । गुणस्तरीय जीवन जिउनका लागि समस्या छ र उनीहरू उत्साहित छैनन् ।'

नेपालमा निजामती कर्मचारीको वर्तमान तलबले कर्मचारीको आधारभूत आवश्यकता एवं शारीरिक आवश्यकताको परिपूर्ति गर्न ज्यादै कठिन छ, आफू र आफ्नो परिवारको समेत भरणपोषण गर्न कठिनाइ परेको हुन्छ । कर्मचारीलाई आफ्नो आवश्यकता पूरा गर्न चिन्ता छ, परिवारको लालनपालन गर्ने चिन्ता छ, आवासको चिन्ता छ, छोराछोरीलाई पढाउने चिन्ता छ, औषधि उपचारको चिन्ता छ, कर्मचारीको मन खण्डित छ, जब मन खण्डित हुन्छ, तब उसको काम गर्ने ऊर्जा नष्ट भएर जान्छ र ऊ उत्साहित हुँदैन । वर्तमानको तलब-भत्ताले निजामती कर्मचारीको आधारभूत आवश्यकता पूरा हुन सकेको छैन । सिङ्गापुरमा ली क्वान युको सुधार योजनालाई महत्त्वपूर्ण मानिन्छ । उनले दक्ष र इमानदार जनशक्ति आकर्षित गर्न सर कारी कर्मचारीको तलबलाई निजी क्षेत्रसँग प्रतिस्पर्धी बनाउने नीति अवलम्बन गरे । उच्चस्तरीय सरकारी पदहरूमा योग्य र प्रतिभाशाली व्यक्तिहरूलाई आकर्षित गर्न निजामती सेवामा प्रतिस्पर्धी तलब र लाभहरू उपलब्ध गराइयो । यसले सरकारी सेवामा उत्कृष्ट जनशक्तिलाई आकर्षित गऱ्यो ।

नेपालमा सरकारी कर्मचारीको तलब ज्यादै न्यून भएकाले कर्मचारीको आधारभूत आवश्यकता परिपूर्ति हुन सकेको छैन । सार्क राष्ट्रलाई हेर्दा– एउटा कार्यालय सहयोगीको मासिक तलब भारतमा २५९ डलर जति छ भने नेपालमा करिब १६७ डलर जति पर्न आउँछ । त्यसैगरी शाखाअधिकृत स्तरको मासिक तलब भारतमा तलब ७७९ डलर, भुटानमा ४४८, पाकिस्तानमा ४१५, बङ्गलादेशमा ३४२, श्रीलङ्कामा ३१५ डलर जति छ तर नेपालमा ३०७ जति पर्न आउँछ ।

सचिवको मासिक तलब भारतमा ३,१२३ डलर र पाकिस्तानमा ९४४ डलर छ भने नेपालमा सचिवले करिब मासिक ५२३ डलर मात्र पाउँछन् । भारतमा त कर्मचारीहरूलाई तलबका अलावा विविध किसिमका भत्ता, आवास सुविधा लगायत दिइन्छ ।

नेपालबाहेक अन्य सबै मुलुकमा तलब बाहेकका आवास, परिवहन, पोसाक, सन्तति शैक्षिक भत्ता लगायत विविध सुविधा उपलब्ध गराइन्छ । श्रीलङ्कामा त अत्यन्त कम ब्याजदरमा ऋण समेत कर्मचारीलाई दिने गरेको पाइन्छ । नेपालको तलब संरचना त्यति वैज्ञानिक पनि मानिँदैन, किनकि सबभन्दा तल्लो र सबभन्दा माथिल्लो तहको तलब स्केल अनुपात सबभन्दा कम रहेको छ । नेपालको मुख्य सचिवले कार्यालय सहयोगीले भन्दा करिब ३.३८ गुणा बढी तलब पाउने गर्छ ।

भारतमा तलब स्केल अनुपात १३.४ र पाकिस्तानमा ९.२ रहेको पाइन्छ । नेपालमै निजी क्षेत्रको कुरा गर्ने हो भने पनि मेगा बैंकका कार्यकारी निर्देशकले तलब मात्र वार्षिक १ करोड २ लाख बुझेको, एनएमबी बैंकका सीईओले एक आर्थिक वर्षमा एक करोड ७५ लाख २८ हजार तलब भत्ताबापत बुझेको कुरा बैंकको वार्षिक प्रतिवेदनमा उल्लेख भएको पाइन्छ । यस्तै, नेपाल बैङ्कको प्रमुख कार्यकारी अधिकृतले तलब भत्ताबापत वार्षिक रूपमा ४६ लाख ९६ हजार ३०६ रुपैयाँ बुझेको बैंकको वार्षिक प्रतिवेदनहरूमा उल्लेख भएको पाइन्छ ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, र ाप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिस्टारको मासिक तलबभत्ता क्रमश: करिब ३ लाख ४५ हजार ७९२, दुई लाख ६० हजार र दुई लाख सात हजार ७०० रहेको पाइन्छ । यसरी तुलना गर्दा नेपालको निजामती एवं सरकारी सेवाको कर्मचारीको तलबभत्ता अत्यन्त निराशाजनक छ ।

नबिल बैङ्कमा कार्यरत डेपुटी सीईओले आफ्नो वार्षिक तलबभत्ता करिब एक करोडभन्दा बढी हुने र आफ्नो ड्राइभरको तलब नेपालको मुख्यसचिवको भन्दा दश हजार बढी रहेको भनी सार्वजनिक कार्यक्रममा बोल्नुभएको थियो । कुनै पनि व्यक्तिले आफूलाई समानको बिचमा तुलना गर्छ, जब समानको बिच भिन्नता पाउँछ, जब समानको बिच असमान व्यवहार महसुस गर्छ, जब समानको बिचमा असमानता देखिन्छ, तब व्यक्ति अनुत्प्रेरित हुन्छ वा उत्साहित हुन सक्दैन ।


सरकारकै विभिन्न निकायहरू बिचमा पनि तलबबाहेक अन्य सेवा-सुविधा र अवसर प्राप्तिमा एकरूपता छैन । कुनै निकायमा सय प्रतिशतसम्म भत्ता दिएको पाइन्छ भने कुनै निकायमा शुद्ध तलब मात्र हुन्छ । कुनै निकायमा अधिक भ्रमण भत्ता हुन्छ र महिनाको एक वा दुईपटक कर्मचारी काजमा गएको हुन्छ भने कुनै निकायमा वर्षमा एकपटक पनि काजमा कर्मचारी जिल्ला भ्रमण गर्न नपाउने स्थिति रहेको छ ।

*क्रमश: पृष्ठ-३....*

# साइबर ठगीमा संलग्नमध्ये ३० वर्षमुनिका ७० प्रतिशत

काठमाडौं/नेपालमा ठगी सम्बन्धी शंकास्पद कारोबार र गतिविधिमध्ये ६४ प्रतिशत साइबर आर्थिक ठगीका घटना हुने गरेको देखिएको छ । नेपाल राष्ट्र बैंक वित्तीय जानकारी इकाइले 'स्ट्राटेजिक एनालाइसिस रिपोर्ट २०२४' सार्वजनिक गर्दै उक्त तथ्यांक ल्याएको हो । इकाइले आफ्नो प्रतिवेदनमा साइबर प्रविधिमा आधारित ठगीका विशेषता र साइबर ठगीका माध्यमबाट प्राप्त हुने सम्पत्ति शुद्धीकरणमा प्रयोग गर्ने पद्दतिका विशेषता विश्लेषण गरेको छ ।

वित्तीय जानकारी इकाइले तयार पारेको प्रतिवेदन अनुसार नेपालमा ठगी सम्बन्धी शंकास्पद कारोबार र गतिविधिमध्ये प्राय: नेपाल प्रहरी र केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले अनुसन्धान गर्ने गरेको छ। साथै, राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग मार्फत समेत अनुसन्धान हुने गरेको छ ।


### ३० वर्षमुनिका विद्यार्थी धेरै

३० वर्षभन्दा कम उमेरका युवा र त्यसमा पनि विद्यार्थी साइबर ठगीमा बढी संलग्न हुने गरेको देखिन्छ। विभिन्न निकायबाट भएको अनुसन्धानले साइबर माध्यमबाट हुने ठगीमा कम उमेरका युवा संलग्न रहने गरेको देखाउँदा विशेषगरी विद्यार्थी र विभिन्न संस्थामा कार्यरत कर्मचारी साइबर ठगीमा संलग्न हुने गरेको अनुसन्धानबाट खुल्ने गरेको छ ।

वित्तीय जानकारी इकाइ प्रतिवेदनले १९-२४ वर्ष उमेर समूहका साइबर आधारित ठगीमा धेरै संलग्न हुने गरेको देखाएको हो । साइबर ठगीमा संलग्नमध्ये २५-३० वर्ष समूहका २१ प्रतिशत छन् । यस्तो ठगीमा प्रत्यक्ष वा अप्रत्यक्ष ७० प्रतिशत संलग्न ३० वर्ष वा त्यसभन्दा कम उमेरका छन् ।

प्रतिवेदन अनुसार ठगीमा संलग्नको बैंक खाता समेत धेरैजस्तो विद्यार्थीको हुने गरेको छ । साइबर ठगीमा प्रयोग भएका खातामध्ये सबैभन्दा बढी 'विद्यार्थी' पेसा उल्लेख हुने गरेको छ । त्यसपछि विभिन्न संस्थाका 'कर्मचारी, 'किसान', 'पसल मालिक', 'गृहिणी' र 'बेरोजगार' जस्ता अन्य महत्त्वपूर्ण पेसा पनि बैंक खाता विवरणमा उल्लेख हुने गरेको छ ।

### डिजिटल वालेटले ठगी उजुरी गर्दैनन्

साइबर ठगी सम्बन्धी शंकास्पद कारोबार र गतिविधि वाणिज्य बैंक र विकास बैंकहरूले धेरै उजुरी गर्ने गरेका छन् । डिजिटल वालेट साइबर ठगीमा पटक-पटक प्रयोग भए पनि उजुरी कम हुने गरेको प्रतिवेदनमा छ । 'डिजिटल वालेट साइबर सम्बन्धी ठगीमा बारम्बार प्रयोग भएका छन्,' प्रतिवेदनमा छ, 'तर, भुक्तानी सेवा प्रदायकबाट यस सम्बन्धी थोरैमात्र शंकास्पद कारोबार र गतिविधि उजुरी भएको छ ।'

खाता खोलेको तीन महिनाभन्दा कम अवधिमै ठगीमा प्रयोग हुने गरेको देखिएको छ । साइबर सम्बन्धी ठगीमा प्रयोग भएका खातामध्ये ४९ प्रतिशत खोलेको तीन महिना मात्रै रहेको पाइएको हो । यस्तै ठगीमा प्रयोग भएको १५ प्रतिशत खाता खुलेको ३ देखि ६ महिना भएको पाइएको हो । यसले ठगीको रकम संकलनका लागि नयाँ खाता प्रयोग हुने गरेको संकेत गर्ने वित्तीय जानकारी इकाइको विश्लेषण छ । पीडितले वित्तीय संस्थामा उजुरी गरेपछि मात्रै त्यस्ता ठगीका घटना जानकारी हुने गरेको देखाउँछ ।

यस्तै कानुनी कार्यान्वयन र अनुसन्धान गर्ने निकायको सोधपुछले पनि यस्ता घटना खुल्ने गरेको छ । वित्तीय संस्था र भुक्तानी प्रणाली सञ्चालकको कारोबार निगरानी, नकारात्मक समाचार, ग्राहकको प्रत्यक्ष रिपोर्ट र नियामक राष्ट्र बैंकको पत्रजस्ता कारण यस्ता ठगीका घटना खुल्ने गरेको छ ।

### कसरी हुन्छन् साइबर ठगी ?

साइबर ठगीका विभिन्न प्रकार देखिएको प्रतिवेदनमा छ । विशेषगरी विभिन्न पार्सल र उपहारको लोभ, आइफोन उपहार जस्ता लोभ देखाएर धेरै साइबर ठगीका घटाना हुने गरेको देखिन्छ । नि:शुल्क उपहार/पार्सलको प्रलोभन देखाएर हुने साबइर ठगीका घटना २१ प्रतिशत देखिएको छ ।

सामाजिक सञ्जालबाट प्रभावित पारेर हुने ठगीका घटना र नि:शुल्क आइफोन प्रलोभन देखाएर गरिने ठगी १५/१५ प्रतिशत देखिएको छ । सामाजिक सञ्जालबाट प्राभावित पार्न मुख्यत: वाट्सएप र फेसबुक प्रयोग हुने गरेको देखिन्छ । यस्तै सार्वजनिक व्यक्तित्वका फोटो तथा नाम प्रयोग गरेर बनाइएका नक्कली फेसबुक खाता प्रयोग गरी ठगी गरिएका घटना धेरै रहेको प्रतिवेदनमा छ । ठगीकर्ताले यस्ता नक्कली खाता प्रयोग गरी वास्तविक व्यक्तिका नजिकका नातेदार र साथीहरूसँग च्याट गर्ने र विभिन्न उपायले पैसा माग्ने गरेको पाइएको छ ।

नक्कली अनलाइन व्यवसाय/ट्रेडिङ प्लेटफर्म सिर्जना गरी ठगी गर्ने घटना १३ प्रतिशत, बैंकिङ कारोबारका लागि 'ओटीपी' मागेर हुने ठगी ९ प्रतिशत, नक्कली लटरी (चिट्ठा) प्रयोग गरेर हुने ठगी ७ प्रतिशत, अनधिकृत पहुँचबाट बैंक/वालेट खाताको रकम ट्रान्सफर गरी हुने ठगी ७ प्रतिशत र अन्य ठगी १३ प्रतिशत देखिएका छन् । अन्य ठगीमा पैसा दोब्बर गर्ने योजना, क्रिप्टोकरेन्सीमा लगानी प्रस्ताव, नेटवर्क मार्केटिङ योजना, अनलाइन कोठा भाडा सेवा, 'पीटीई', 'आईईएलटीएस' अनलाइन परीक्षा शुल्क तिर्ने नाममा साइबर ठगी हुने गरेको छ । ठगहरूले सुरुमा पीडितलाई सामाजिक सञ्जाल मार्फत सम्पर्क गर्छन् र ठगी योजना विकास हुँदै जाँदा अन्य माध्यम प्रयोग गर्ने गरेको प्रतिवेदनमा छ ।

### वालेट र भारतका एटीएमबाट झिकिन्छ ठगी रकम

पीडितबाट संकलित ठगी रकम तुरुन्तै देशभरि र भारतका विभिन्न भागमा एटीएम मार्फत झिक्ने गरेको प्रतिवेदनमा उल्लेख छ । त्यसबाहेक अन्य बैंक खाता र वालेट खातामा ट्रान्सफर हुने गरेको छ ।

ठगले छोटो समयमै एउटै विवरण प्रयोग गरी विभिन्न वित्तीय संस्था र भुक्तानी सेवा प्रदायकमा खाता खोल्ने गरेको देखिन्छ । यस्ता खाता खोल्न एउटै मोबाइल नम्बर प्रयोग हुने गरेका छन् । ती खाताका 'केवाईसी' विवरणले ती व्यक्ति डिजिटल कारोबार गर्न नसक्ने देखाए पनि ती खातामा दैनिक बारम्बार डिजिटल कारोबार भएको पाइएको प्रतिवेदनमा उललेख छ । यसले बैंक र वालेटले गर्ने केवाईसी भेरिफिकेसनमा समेत प्रश्न उठेको छ ।

### ठगी रकम शुद्धीकरण गर्न विभिन्न उपाय

साइबर माध्यमले हुने ठगीबाट उत्पन्न ठूला आर्थिक क्षतिले डिजिटल प्रणालीप्रति जनविश्वास समेत कमजोर बनाउने प्रतिवेदनमा उल्लेख छ । यस्ता ठगीबाट उत्पन्न आम्दानी लुकाउन अपराधीले विभिन्न प्रविधि प्रयोग गर्दै आएका छन् ।

ठगी भएको स्थान र ठगीबाट प्राप्त रकम लुकाउने स्थान सामान्यतया फरक हुने गरेको छ । ठगीका लागि प्रयोग हुने पैसा ओसार पसार गर्ने व्यक्ति वा नेटवर्क प्राय: देशभरि फैलिएका हुन्छन् । ठूला नेटवर्कमा यो विश्वभरिका विभिन्न कानुनी क्षेत्रसम्म फैलिएको देखिन्छ ।

ठगीबाट आर्जित रकम जम्मा गर्न खोलिएका खाता एक स्थानमा खोलिएका हुन्छन् । ती खाता अनलाइन माध्यम वा एटीएमबाट अन्य स्थानमा सञ्चालन हुने गरेको छ । भारतका सीमावर्ती बजारमा रहेका एटीएमबाट नगद निकालिएको पनि देखिएको प्रतिवेदनमा छ । ठगी रकम परिचालन गर्न खाता जाँच गर्ने तरिका समेत उनीहरूको आफ्नै शैली हुने गरेको छ । साइबर ठगीमा संलग्नले बैंक तथा वित्तीय संस्था र भुक्तानी सेवा प्रदायकले ठगीका लागि प्रयोग भएका खाता पहिचान गरेको र खाता रोक्का गरेको हुन सक्ने डरले ठगी रकम खातामा जम्मा गर्नुअघि १ रुपैयाँ उक्त खाताबाट ट्रान्सफर गरेर जाँच गर्ने गरेका छन् ।

खाता रोक्का भएको भए रकम जम्मा गर्ने खाता परिवर्तन हुने गरेको देखिएको छ । यसरी खाता रोक्का भए वा नभएको पत्ता लगाउन मोबाइल नम्बर वा डिजिटल वालेट प्रयोग हुने गरेको छ । ठगी रकम जम्मा गर्न प्रयोग गरिने प्रारम्भिक खाता ठगीको प्रकृतिका आधारमा फरक हुने गर्छ । यसको उद्देश्य पीडितलाई उक्त कारोबार वैधानिक हो भन्ने देखाउने रहेको प्रतिवेदनमा छ ।

### कसरी हुन्छ ठगी रकम लेयरिङ ?

ठगी रकम प्राप्त भएपछि विभिन्न 'लेयरिङ' प्रक्रिया सुरु हुन्छ । त्यसका लागि तुरन्तै सम्पत्ति शुद्धीकरण गर्ने नेटवर्कमा पठाउने गरेको देखिएको प्रतिवेदनमा छ । त्यस्तो रकम नेपाली र विदेशी खातामार्फत लेयरिङ हुने गरेको छ ।

ठगीकर्ताले ठूला रकम स-साना बनाएर कारोबार गर्ने गरेका छन् । यस्तो रकम विभिन्न वित्तीय संस्था, रेमिट्यान्स कम्पनी र भुक्तानी सेवा प्रदायक मार्फत अन्य खातामा सार्नेजस्ता योजना बनाउने गरेका छन् । ठगी रकम क्रिप्टोकरेन्सीमा रूपान्तरण गर्ने वा अनलाइन बेटिङका लागि प्रयोग गर्ने प्रवृत्ति पनि बढ्दो छ । यसले वित्तीय जानकारी इकाइ र कानुन कार्यान्वयन गर्ने निकायलाई आवश्यक तथ्यांक पहुँच र विश्लेषण गर्न समय लाग्ने र जसले रकम खोजी गर्न कठिन बनाउने प्रतिवेदनमा उल्लेख छ ।

ठगीको पैसा ओसापसार गर्ने खाता केही समय मात्र प्रयोग हुने गरेको छ । यसले वित्तीय संस्थालाई असामान्य गतिविधि पहिचान गर्न गाह्रो बनाउने र वैध र नियमित कारोबारले ठगी कारोबार ढाकछोप गर्ने सम्भावना देखिने प्रतिवेदनमा उल्लेख छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'ह्रस्व दीर्घ' हेर्ने दर्शक भेट्न काठमाडौं आइपुगे 'गजनी' भिलेन

काठमाडौं/शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'ह्रस्व दीर्घ'मा अभिनेत्री नीता ढुंगानाको बुबाको भूमिका निर्वाह गरेका भारतीय कलाकार प्रदीप रावत काठमाडौं आइपुगेका छन् । फिल्मले राम्रो ओपनिङ हासिल गरेपछि नेपाली दर्शकसँग भेट गर्न उनी श्रीमती कल्याणी (साउथ अभिनेत्री)को साथमा आइतबार साँझ ७:४५ बजे नेपाल एयरलाइन्सको विमानबाट काठमाडौं ओर्लिएका हुन् । उनलाई फिल्मको टिमले त्रिभुवन विमानस्थलमा स्वागत गरेको थियो ।



विमानस्थलबाट प्रदीप सीधै कमलपोखरीस्थित बिग मुभिजतर्फ लागेका छन् । त्यहाँ उनले 'ह्रस्व दीर्घ' हेरेका दर्शकसँग साक्षात्कार गर्नेछन् । उनी आफैंले पनि फिल्म हेरेका छैनन् । आइतबार साँझ नै उनले दर्शकसँग बसेर फिल्म हेर्ने जनाइएको छ । सोमबार बिहान पशुपतिनाथ मन्दिरको दर्शन गर्न लागेका उनले चारदिने नेपाल बसाईको क्रममा विभिन्न हल पुगेर दर्शकसँग भेट गर्नेछन् ।

प्रदीप यसअघि फिल्मको छायांकनका लागि गत पुषमा नेपाल आएका थिए । यसमा उनको महत्त्वपूर्ण भूमिका छ । उनको जेठी छोरीको भूमिकामा नीता ढुंगाना छिन् भने कान्छी छोरीको भूमिका गरिमा शर्माले निभाएकी छन् । फिल्ममा प्रदीपलाई देवधामको आदर्श पात्रको रुपमा चित्रित गरिएको छ । पर्याप्त 'स्क्रिन स्पेश' पाएका उनको अभिनय स्वभाविक नै लाग्छ ।

प्रदीपले हिन्दी, तमिल, तेलुगु, मलायलम, कन्नड, बंगाली, भोजपुरी लगायत विभिन्न भाषाका फिल्ममा काम गरेका छन् । उनलाई दर्शकमाझ चिनाएको फिल्म भने 'गजनी' हो । यसमा उनी नकारात्मक भूमिकामा देखिएका थिए । उनले साउथ स्टारहरु प्रभासदेखि अल्लू अर्जुनसम्मका फिल्ममा काम गरिसकेका छन् । उनले विभिन्न भाषाका गरी डेढ सय बढी फिल्म गरेका छन् ।

'ह्रस्व दीर्घ'ले प्रदर्शनको दुई दिन (शुक्रबार र शनिबार) राम्रो व्यापार गर्‍यो । अझ शनिबार दर्शकको ठूलो उछाल देखियो । कम शोका कारण कतिपय हलबाट दर्शकहरु टिकट नपाउँदा घर फर्किन बाध्य भएका थिए । केही हलले मध्यरातमा समेत फिल्म चलाए । दुई दिनमा फिल्मले २ करोड ग्रस व्यापार गरेको वितरक कम्पनी ब्यांकटेस इन्टरटेनमेन्टले जनाएको छ । आइतबार पनि देशभर प्राप्त शोमा अकुपेन्सी सुखद् देखिन्छ ।

# कस्तो छ अल्लू अर्जुनको 'पुष्पा २' ट्रेलर ?

काठमाडौं/सन् २०२१ को ब्लकबस्टर तेलुगु फिल्म 'पुष्पा'को सिक्वेल यही मंसिर २० गते अर्थात् डिसेम्बर ५ बाट प्रदर्शनमा आउँदैछ । 'स्योर सट ब्लकबस्टर' मानिएको 'पुष्पा २'को आइतबार ट्रेलर सार्वजनिक गरिएको छ । भारतको पटनास्थित गान्धी मैदानमा आयोजित भव्य समारोहबीच सार्वजनिक २ मिनेट ४८ सेकेण्ड लामो ट्रेलर धमाकेदार देखिन्छ । जसमा अभिनेता अल्लू अर्जुन हाबी छन् ।



रक्तचन्दन काठको व्यापारमा ठूलो साम्राज्य खडा गरेको पुष्पराज पात्र (अल्लू अर्जुन)को प्रहरीसँग भएको वारपारको लडाइँलाई ट्रेलरलाई जबर्जस्त रुपमा देखाइएको छ । प्रहरीको भूमिकामा रहेका अभिनेता फहाद फासिलले अल्लूलाई टक्कर दिएका छन् । विशेषगरी एक्सनलाई प्राथमिकता दिइएको ट्रेलरमा अल्लू अर्जुनको स्टाइल, गेटअप र डाइलग बुलन्द छ ।

सुकुमारको निर्देशन तथा लेखनमा तयार भएको फिल्ममा अल्लू र फहादसहित रश्मिका मन्दाना, सुनिल बर्मा, धनन्जय, जगपति बाबू, अनसुया भारद्वाज लगायतको अभिनय छ । ५ सय करोड भारुमा निर्माण भएको फिल्मले प्रदर्शन अगावै विभिन्न राइट्सबाट लगानी सुरक्षित गरिसकेको छ । 'पुष्पा २'को हाइप हेर्दा यसले विश्वभर १५ सय करोडको आँकडा नघाउने प्रक्षेपण गरिएको छ ।

पटनामा आयोजित ट्रेलर सार्वजनिक कार्यक्रममा अल्लू र रश्मिका उपस्थित भएका थिए । नि:शुल्क प्रवेशको व्यवस्था गरिएको कार्यक्रममा करिब ३ लाख दर्शक सहभागी भएको भारतीय मिडियाले जनाएका छन् । 'पुष्पा २'को ट्रेलर रिलिजका लागि भोजपुरी र बलिउड फिल्मको दबदबा मानिने बिहार रोज्नुलाई अर्थपूर्ण रुपमा हेरिएको छ । हिन्दी फिल्मको 'मास अडियन्स'लाई आकर्षित गर्न निर्माताले यो कदम उठाएको बताइन्छ ।

# निजामती कर्मचारी उत्साहित...

त्यसैगरी विदेश भ्रमणको अवसरमा पनि असमानता रहेको पाइन्छ । कुनै कर्मचारीले बारम्बार विदेश भ्रमण गर्ने अवसर पाइरहेको हुन्छ भने कुनै कर्मचारी जागिर अवधिभर एकपटक पनि विदेश भ्रमणको अवसर प्राप्त गरेको हुँदैन । अन्य भौतिक स्रोत-साधनको प्रयोगमा पनि समानता रहेको पाइँदैन । उही तहको कर्मचारी कसैले सवारी-साधन प्राप्त गरेको हुन्छ भने उही तहको अर्को कर्मचारीले सवारी सुविधा पाएको हुँदैन ।

एउटै तह र पदको कुनै कर्मचारीले करोडौं पर्ने गाडी चढेको हुन्छ भने अर्कोले सामान्य खालको गाडी चढेको पाइन्छ । यस खालको समानको बिचमा असमान खालको व्यवहार हुनाले गर्दा कर्मचारीहरू उत्साहित हुन सक्ने अवस्था हुँदैन । प्राप्त अवसरको न्यायोचित वितरण नहुँदा निराशा उत्पन्न हुन्छ । यस्ता खालका कुरामा पनि विचार पुर्‍याउनुपर्नेछ ।

### भ्रष्टाचारीलाई सामाजिक प्रश्रय

हाम्रो समाजको मनोविज्ञान पनि बदलिएको छ । पद, पैसा र पावर सबैथोक हो भन्ने खालको मनोविज्ञान समाजमा विकसित हुँदै गइरहेको छ । विवाह, व्रतबन्ध, भोज-भतेरमा कसले बढी खर्च गर्ने भन्ने खालको प्रतिस्पर्धा नै चलेको देखिन्छ । जसले बढी खर्चिलो र भड्किलो किसिमले परम्परालाई मानेको छ, त्यो व्यक्ति नै इज्जतदार हो, जसरी समाजले लिएको पाइन्छ ।

जुन व्यक्तिले यस्तो खर्चिलो व्यवहार गरेको हुन्छ, त्यो कसरी सम्भव भयो ? उसको आयको स्रोत के हो ? वैध वा अवैध भन्ने लेखाजोखा समाजले र छिमेकीले गरेको पाइँदैन । भ्रष्ट प्रवृत्तिका कर्मचारीलाई तिरस्कार गर्नुको साटो पुरस्कृत गर्ने चलन समाजमा भित्रिएको छ ।

अहिलेकै तलब-भत्ताले महँगा सहर-बजार तथा त्यस्ता ठाउँमा घर-घडेरी तथा जग्गा जोड्न सम्भव छैन । यस्तै महँगा स्कुलमा बच्चाबच्ची पढाउन र पार्टी-प्यालेसमा भोजभतेर गर्न पनि सम्भव हुँदैन । यद्यपि बच्चाबच्चीलाई महँगा स्कुल-कलेजमा पढाउन नसकेका एवं भोजभतेर नगर्ने कर्मचारीलाई समाजले हेर्ने दृष्टिकोण नै फरक खालको रहेको पाइन्छ । यसले गर्दा इमानदार कर्मचारीहरू प्रोत्साहित हुन सकेको अवस्था छैन ।

जागिर खाएको छोटो समयमै घरघडेरी जग्गा-जमिन जोड्ने एवं आफ्ना तलबभन्दा बढी फिस तिर्ने स्कुलमा बच्चाबच्चीलाई पढाउने र भड्किलो जीवनशैली अपनाउने कर्मचारीको आयस्रोत के हो ? पहिलाको अवस्था के थियो ? अहिले कसरी यस्तो परिवर्तन सम्भव भयो ? आदिको सामाजिक परीक्षण गरिँदैन । जसले गर्दा भ्रष्ट प्रवृत्तिका कर्मचारी प्रोत्साहित भएका छन् भने इमानदार नैतिकवान् कर्मचारी उत्साहित हुन सकेको अवस्था छैन ।

तत्कालीन प्रधानमन्त्री ली क्वान युले सिंगापुरको सरकारलाई भ्रष्टाचारमुक्त बनाउन प्राथमिकता दिए । उनले कडा भ्रष्टाचारविरोधी नीतिहरू लागु गर्दै 'करप्ट प्राक्टिसेज इन्भिेस्टिगेसन ब्युरो (सीपीआईबी)लाई सशक्त बनाए, जसले उच्च पदस्थ सरकारी अधिकारीसम्मको जाँच र कारबाही गर्न स्वतन्त्रता पायो । जस कारण सिङ्गापुर भ्रष्टाचारविहीन देशको रूपमा उभिन सफल भयो । यस्तै खालको कडा नीति लिई काम नगरेसम्म हाम्रो देशको स्थितिमा सुधार हुने गुन्जायस देखिँदैन ।

### सरुवा-बढुवामा बेथिति

निजामती सेवा ऐन, २०४९ मा सरुवाका आधार र विधिका बारेमा स्पष्ट व्यवस्था गरिएको पाइन्छ । साथै कतिपय प्रक्रियाका कुरा निजामती सेवा नियमावली, २०५० मा स्पष्ट गरिएको छ । बिडम्वना, ती प्रावधान कहिले पनि कार्यान्वयन हुन सकेनन् । ती प्रावधानको अनादेखा गरिएको हुन्छ, एवं पालना गरिएको हुँदैन । निजामती सेवामा सबभन्दा भद्रगोल सरुवामै हुने गरेको पाइन्छ । दुर्गममा बस्ने दुर्गममै बसेको बस्यै हुने र सुगममा बस्ने कर्मचारी आफ्नो इच्छाले बाहेक दुर्गममा जाननपर्ने अवस्था छ ।

सरुवाका लागि भनाइ, सुनाइ वा दबाब-प्रभाव सबैथोक रहेको पाइन्छ । राजनीतिक हस्तक्षेप त्यत्तिकै देखिन्छ । राजपत्राङ्कित प्रथम श्रेणी तथा विशिष्ट श्रेणीका कर्मचारीको सरुवामा झन् बेथिति रहेको देखिन्छ । यस्तो खालको विकृतिले गर्दा कर्मचारीमा नैराश्यता उत्पन्न भएको छ ।

कहिलेकाहीँ बढुवामा समेत चलखेल भएको देखिन्छ । अझ व्यापक रूपमा असमान व्यवहार त प्राप्त अवसरको वितरणमा भएको देखिन्छ । अध्ययन भ्रमण, तालिम भमण, काज भ्रमण विदेश मनोनयन जस्ता कुरामा व्यापक रूपमा कर्मचारी बिच विभेद गरिन्छ । एउटै कार्यालयभित्र वा अन्तर कार्यालयभित्र यस्तो खालको असमान व्यवहार कार्मचारीबिच भएको देखिन्छ । यस्तो खालको व्यवहारले गर्दा अधिकांश कर्मचारी उत्साहित हुन सकेको अवस्था छैन । कतिपय अवस्थामा त अवसरको वितरण एवं सरुवामा भेगीय वा क्षेत्रीय, जातीय, लिङ्गीय, नातावाद एवं चिनजान, भनसुन, राजनीतिक आस्थाजस्ता चिजले प्रभाव पारेको देखिन्छ । यस्तो प्रभावले गर्दा कर्मचारीबिचमा असमान व्यवहार भएको पाइन्छ । यस्तो खालको कार्यले अधिकांश कर्मचारीमा नैराश्यता बढेको देखिन्छ ।

### बढ्दो राजनीतिकरण

सिङ्गापुरको उदाहरण काफी छ । प्रधानमन्त्री ली क्वान युले राजनीतिक हस्तक्षेपलाई न्यून बनाउने नीतिमा विश्वास गर्थे । उनले सरकारी कामकाजलाई राजनीतिक प्रभावबाट टाढा राखे र निजामती सेवालाई स्वतन्त्र रूपमा काम गर्न दिए । यसले गर्दा सरकारी कर्मचारीलाई आफ्नो काममा बढी निष्पक्ष र प्रभावकारी हुन सहयोग पुर्‍यायो, जसले गर्दा सिङ्गापुरले आज यो स्थान बनाउन सफल भएको छ ।

हाम्रो देशको कर्मचारी तन्त्रमा व्यापक राजनीतीकरण हुँदा कर्मचारीमा नैराश्यता छाएको छ । खासगरी निजामती सेवामा कर्मचारीको सरुवा-बढुवा र जिम्मेवारी निर्धारणमा राजनीतीकरण भएको देखिन्छ । राजनीतिक नेतृत्वले सरुवा-बढुवामा बढी चासो राख्ने गरेको पाइन्छ । कर्मचारी रोजेर माग्ने प्रवृत्ति व्यापक रूपमा रहेको छ । कतिपय निकायमा त राजनीतिक नेतृत्वको एग्रिमो नै चाहिने स्थिति देखिन्छ । राजनीतिक रूपमा पहुँच नराख्ने वा तटस्थ व्यवहार अपनाउन खोज्ने कर्मचारी मारमा परेको देखिन्छ । ट्रेड युनियनले गर्दा समेत व्यापक राजनीतिकरण भएको छ । ट्रेड युनियनमा संलग्न कर्मचारीले सचिव वा सहसचिव छनोट गरिदिने र त्यही अनुरूप राजनीतिक नेतृत्वले व्यवहार गर्ने हुँदा कर्मचारीमा उत्साह छैन । कर्मचारीको राम्रो कामको मूल्याङ्कन भएको हुँदैन । जुन कर्मचारीले नेतृत्व समक्ष पहुँच राख्छ वा उसैले नै महत्त्वपूर्ण लाभ र अवसर लिएको हुन्छ ।

निजामती सेवामा राजनीतिकरण हुँदा तत्कालको फाइदा सम्बन्धित राजनीतिक दल र त्यसबाट लाभ लिने सम्बन्धित कर्मचारीलाई भए पनि यसले समग्रमा आम सर्वसाधारण र देशलाई हानि पुर्‍याइरहेको हुन्छ । यसले गर्दा अधिकांश कर्मचारी उत्साहित छैनन् ।

*(साभार: रातोपाटी)*

# 'तेल भिसा'को चरित्रमा विपिनले लिएका छन् आफ्नै बुबाको टोन

काठमाडौं/हरेक प्रकारका चरित्रलाई विश्वसनीय बनाउने सामर्थ्य विरलै अभिनेतासँग हुन्छ । विपिन कार्की त्यो खुबी भएका अभिनेता हुन् । उनी चरित्रमा यसरी बाँच्छन्, मानौं त्यो उनले नै भोगेको जीवन हो । यसैले त उनी जुन चरित्रमा पनि प्रभावकारी र जीवन्त लाग्छन् । बाह्य र अन्तरिक दुवै रुपमा चरित्र निर्माणमा मिहिनेत गर्ने उनले अभिनयबाटै दर्शकको विश्वास जितेका छन् ।

उनै, विपिनको मुख्य भूमिका रहेको नयाँ फिल्म 'तेल भिसा' यही मंसिर ७ गतेबाट प्रदर्शनमा आउँदैछ । यसमा उनी दोहोरो भूमिकामा प्रस्तुत छन् । उनले बाबु र छोराको भूमिका आफैंले गरेका छन् । ट्रेलर हेर्दा पनि त्यो प्रष्ट हुन्छ । दुई चरणमा छायांकन भएको फिल्मको अमेरिका सेड्युलमा विपिनले छोरा भएर अभिनय गरेका थिए । नेपाल सेड्युलमा भने बुबाको भूमिका निभाए ।

फिल्ममा उनी सेवानिवृत्त आर्मीको भूमिकामा छन् । उनका बुबा पनि आर्मी पृष्ठभूमिका हुन् । यसैले उनले त्यो चरित्रमा बुबाको धेरै कुरा उतार्ने प्रयास गरेका छन् । भन्छन्, 'मैले फिल्ममा निर्वाह गरेको चरित्र मेरो बुबामा समर्पित छ । किनकि, मेरो बुबा पनि पूर्वआर्मी हुनुहुन्छ । म जति पनि आर्मीको रोल गर्छु, त्यसमा बुबाबाट प्रभावित भएर काम गर्छु । 'तेल भिसा'मा बुबाको क्यारेक्टरमा जुन टोन छ, त्यो मैले बुबाबाटै लिएको हुँ । अरु धेरै कुरा पनि लिएको छु ।' फिल्ममा बाउको चरित्र निभाउन सोचेभन्दा मज्जा आएको उनको अनुभव छ । त्यसको श्रेय भने उनी बुद्धि तामाङलाई दिन्छन् । 'म सधैं भन्ने गर्छु कि राम्रो 'को-एक्टर' पर्‍यो भने त्यसले फिल्मलाई नै बलियो बनाउँछ,' उनी भन्छन्, 'बुद्धिसँग मैले पहिलोपटक काम गरेको हुँ । पहिलोपटक काम गरेको भए पनि वर्षौंदेखि सहकार्य गरिरहेको महसुस भयो । उसको कारणले पनि मैले गरेको बुबाको क्यारेक्टरलाई झन् रोचक बनायो ।'

त्यसो त विपिनले पिताको भूमिका यसअघि फिल्म 'फूलबारी'मा पनि गरिसकेका छन् । 'चरित्रको हिसाबले 'फूलबारी'भन्दा 'तेल भिसा'मा के फरक छ ?' एक भेटमा उनलाई पत्रकारले प्रश्न गरे । विपिनलाई दुई फिल्मका चरित्रबीच सबै कुरा मिल्दैन भन्ने लाग्छ । तर, एउटै व्यक्तिले दुवै चरित्र निभाएकाले केही कुरा भने समान देखिन सक्ने उनको भनाई छ ।

'दुई फिल्मका क्यारेक्टर बीच सबै कुरा मिल्दैन । यद्यपि, केही समानता पनि होलान् । किनकि, दुवै मैले गरेको हुँ । 'फूलबारी'को क्यारेक्टर अलि सफ्ट थियो, यो अलि कडा छ । तर, 'फूलबारी' र 'तेल भिसा'को पात्र एकै समयका हुन् । यसैले केही कुरा मिलन सक्छ । तर, म दुवै पात्र फरक नै मान्छु । दुवैको मनोविज्ञान फरक छ । र, फरक देखियोस् भनेरै काम गरेको छु,' उनले भने ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*






राजनीतिक दलका लागि २ वर्षपछि हेटौंडा-१२ मा हुन लागेको उपनिर्वाचन पर्वको रुपमा लागेको छ । उपनिर्वाचनमा होमिएका ठूला राजनीतिक दल नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राप्रपा, रास्वपालगायत उम्मेदवारी दर्तासहित मैदानमा छन् । आइतबार मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारी दर्ता गर्न जाँदा सबै दलका प्रदेशदेखि जिल्ला र उपमहानगरस्तरका नेताहरुको उपस्थिति थियो । कांग्रेस, एमाले, माओवादीका उम्मेदवाहरु अबिर, मालामा सजिएर र्‍यालीसहित निर्वाचन कार्यालयमा उम्मेदवारी दर्ताका लागि पुगेका थिए । *तस्बिरः प्रतिक्षा न्यौपाने, साझाकुरा ।*

# न्यायपूर्ण जलवायु वित्तको माग गर्दै प्रदर्शन




साझाकुरा संवाददाता

हेटौंडा, २ मंसिर/ हेटौंडामा न्यायपूर्ण जलवायु वित्तको माग गर्दै प्रदर्शन गरिएको छ । अजरबैजानको बाकुमा जारी जलवायु परिवर्तनको मुद्दाका लागि कोप-१९ मा उपस्थित विभिन्न राष्ट्रका प्रतिनिधि समक्ष हेटौंडाको आवाज पुऱ्याउने उद्देश्यले प्रदर्शन गरिएको हो ।

हेटौंडाका स्वतन्त्रयुवाको आयोजनामा भएको प्रदर्शन वनविज्ञान क्याम्पस परिसरबाट सुरु भएको थियो । हेटौंडा नगरक्षेत्र परिक्रमा गरी सचेतनामूलक कोणसभा गरी सम्पन्न भएको छ । र्‍यालीमा करिब २५० जनाको सहभागिता रहेको थियो । जलवायु संकटले विश्वका सबै देशमा समानरुपको र साझा चुनौती सिर्जना गरेको छ ।

ग्लोबल नर्थले आर्थिक वृद्धिका लागि गरेका क्रियाकलापले, दक्षिणका देश विशेष गरी नेपालजस्ता देशले दैनिक रुपमा यसको प्रभावको सामना गरिरहेका छन्, जस्तै बाढी, खडेरी, गर्मी, शीतलहर । हाम्रा हिमश्रृंखला दिनदिनै पग्लिदै गएका छन् र हिमताल फूट्ने खतरा बढ्दो छ ।

नेपालजस्तो देशको लागि जलवायु संकटले प्रतिदिन नयाँ चुनौती थप्दैछ, जसले हाम्रो जीविकोपार्जन र जैविक विविधतालाई नै खतरा पुऱ्याउँदैछ । अब वैश्विकउत्तरले आफ्नो ऐतिहासिक जिम्मेवारी स्वीकार गरेर कदम चाल्नुबाहेक अन्य कुनै उपाय नभएको बताइएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै हेटौंडा उपमहानगर प्रमुख मीनाकुमारी लामाले जलवायु परिवर्तनले पारेका प्रभाव न्यूनीकरणका लागि हेटौंडाले प्रयास गरेको बताइन् ।

कार्यक्रमका अध्यक्ष अलिशा मुल्मीले 'हेटौंडामा जस्तै अन्य १६ स्थानमा जनप्रदर्शन भइरहेको बताउँदै अजरबैजानको बाकु सहरमा भैरहेको कोप-२९ सम्म हेटौंडाको आवाज पुऱ्याउन र जलवायु न्यायका लागि उठेको आवाज सुनेर उचित सम्बोधन गर्न आह्वान गरेका छन् ।

# बढुवा सकस टार्न डीआईजीको दरबन्दी थप्ने प्रस्ताव

काठमाडौं, २ मंसिर/ प्रहरी नायव महानिरीक्षक (डीआईजी) बढुवामा सकस भएपछि नेपाल प्रहरीमा दरबन्दी थप्ने प्रयास सुरु भएको छ । प्रहरी प्रधान कार्यालयको योजना तथा अन्वेषण निर्देशनालयले जनपदतर्फ डीआईजीमा तीन दरबन्दी थप गर्नुपर्ने प्रस्ताव गृह मन्त्रालयमा पठाएको छ ।

जनपदतर्फ नेपाल प्रहरीमा २० डीआईजीको दरबन्दी छ । यसमध्ये ८ पद रिक्त छ । यसका लागि तीन ब्याचका दर्जन प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) बढुवाका लागि प्रतिस्पर्धामा छन् । कसलाई बढुवा गर्ने भन्ने सकस भएपछि दरबन्दी थप गरेर बढुवा गर्ने तयारी प्रहरी हेडक्वार्टरले पठाएको छ ।

प्रहरी प्रधान कार्यालयले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय, नेपाल प्रहरी शिक्षालय (भरतपुर तालिम केन्द्र) र काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयमा डीआईजीको दरबन्दी थप गर्नुपर्ने प्रस्ताव गरेको हो । एसएसपीको दरबन्दी रहेका यो तीन वटै कार्यालयमा अहिले पनि डीआईजी खटाउने गरिएको छ ।

प्रहरी हेडक्वार्टरबाट आएको प्रस्ताव गृह मन्त्रालयले बिहीबार नै स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पठाएको छ । 'गत बिहीबार दरबन्दी थपको प्रस्ताव अर्थमा पठाइएको हो, तर अहिलेसम्म त्यसबारे कुनै जानकारी आइसकेको छैन', गृह स्रोतले भन्यो । अर्थले स्वीकृत दिएमा फेरि स्वीकृतिका लागि कानुन मन्त्रालय पठाइनेछ । त्यसपछि लोकसेवा आयोगबाट समेत स्वीकृत भएको अवस्थामा गृहमन्त्रीले उक्त प्रस्ताव मन्त्रिपरिषदमा लैजान्छन् । मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि बल्ल डीआईजीको दरबन्दी थप हुनेछ ।

८ डीआईजीका लागि तीन ब्याचका अधिकृतको प्रतिस्पर्धा

नेपाल प्रहरीमा अहिले ८ डीआईजीको दरबन्दी रिक्त छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)मा दरबन्दी भई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयमा कार्यरत डीआईजी किरण राणा एआईजीमा बढुवा सिफारिस भएपछि यो पद रिक्त थियो ।

त्यसअघि नै डीआईजी यज्ञविनोद पोखरेल १४ असोजमा ५६ वर्षे उमेर हदका कारण अनिवार्य अवकाशमा गएका थिए । १६ भदौमा बागमती प्रदेशका डीआईजी बिष्णुकुमार केसी पनि ५६ वर्षे उमेर हदकै कारण अनिवार्य अवकाशमा गएका थिए ।

रामदत्त जोशी एआईजीमा बढुवा भएपछि डीआईजीको एउटा दरबन्दी खाली छ । २१ असारमा डीआईजी पोषराज पोखरेलले अवकाश पाए । उनको ठाउँमा पनि डीआईजीको दरबन्दी खाली छ । ११ कात्तिकमा प्रहरी शिक्षालय भरतपुरका निर्देशक डीआईजी राजेशनाथ बाँस्तोला अवकाशमा गएपछि उनको ठाउँमा पनि डीआईजीको पद रिक्त छ ।

त्यसैगरी केही दिनअघि मात्रै बुद्धिराज गुरुङ र केदार ढकाल एआईजीमा बढुवा भएपछि थप दुई पद रिक्त छ । २१ असारदेखि अहिलेसम्म रिक्त डीआईजीको संख्या ८ पुगेको छ । ८ डीआईजीमा बढुवाका लागि हालका प्रहरी महानिरीक्षक (आईजी) का ब्याची एसएसपीसहित तीन ब्याचबीच प्रतिस्पर्धा छ ।

२०५१ चैत ५ मा प्रहरी निरीक्षक (इन्सपेक्टर) मा भर्ना भएकाहरु ध्रुवराज राउत, भोलाबहादुर रावल र गणेश चन्द डीआईजी बढुवाको प्रतिस्पर्धामा छन् । २०५३ सालमा राष्ट्रिय अनुसन्धान विभागको प्रहरी निरीक्षकमा भर्ना भएर प्रहरीमा स्थानान्तरण भएको ब्याच र २०५४ मा नेपाल प्रहरीकै इन्सपेक्टरमा भर्ना भएको ब्याचका अधिकृतहरु डीआईजी बढुवाको प्रतिस्पर्धामा छन् ।

२०५३ को टोलीबाट सिद्धिबिक्रम शाह, सुशीलसिंह राठौर, उमाप्रसाद चर्तुवेदी, हिमालयकुमार श्रेष्ठ, डम्बरबहादुर बिक, ओम बहादुर राना डीआईजी बढुवाको प्रतिस्पर्धामा छन् । २०५४ को ब्याचबाट ईश्वर कार्की, राजेन्द्रप्रसाद भट्ट, दिनेशकुमार आचार्य, अरुण पौडेल र गोविन्द थपलिया डीआईजीको प्रतिस्पर्धामा छन् ।

यसअघि २०५४ को ब्याचका दानबहादुर कार्की, डा. मनोज केसी र राजन अधिकारी ४ जेठ २०८१ मा राष्ट्रिय अनुसन्धानबाट आएको २०५३ को ब्याच र २०५१ को ब्याचलाई समेत उछिन्दै बढुवा भएका थिए । त्यसैगरी माधवप्रसाद श्रेष्ठ, दीपेन्द्र घर्ती क्षेत्री, दीपक रेग्मी, दिलिपसिंह देउवा, विनोद घिमिरे, सुदर्शनप्रसाद कोइराला, दीपककुमार बस्नेत, जयराम सापकोटा, सुरेन्द्र बहादुर गुरुङ, सञ्जय शर्मा दास, शारदाप्रसाद चौधरी पनि डीआईजी बढुवाको प्रतिस्पर्धामा छन् ।

**प्राविधिकतर्फ पनि दरबन्दी थप्ने प्रस्ताव**

प्रहरी प्रधान कार्यालयले प्राविधिकतर्फ पनि दुई डीआईजीको पनि दरबन्दी थप्ने प्रस्ताव गरेको छ । प्रहरी हेडक्वार्टर स्रोतका अनुसार प्राविधिकतर्फ केन्द्रीय विधि विज्ञान प्रयोगशाला र सञ्चार निर्देशनालयमा दरबन्दी थपका लागि प्रस्ताव गरिएको हो ।

अहिले विधि विज्ञानमा एसएसपी राकेश सिंह कार्यरत छन् भने सञ्चारमा एसएसपी गोपालप्रसाद रेग्मी छन् । उनीहरुको बढुवाका लागि प्राविधिकतर्फ दुई डीआईजीको दरबन्दी थप गर्न लागिएको हो । यसअघि केन्द्रीय साइबर ब्यूरो र नेपाल प्रहरी केनाइन कार्यालयमा दुई डीआईजीको दरबन्दी थपिएको थियो ।

*(स्रोतः अनलाइनखबर)*

# जेसीज सप्ताह कार्यक्रमको तयारीमा पालुङ जेसीज

साझाकुरा संवाददाता

हेटौंडा, २ मंसिर/ मकवानपुरको थाहानगरमा क्रियाशील पालुङ जेसीजको जेसीज सप्ताह ९ मङ्सिरबाट सुरु हुने भएको छ । पालुङ जेसीज २०२४ अध्यक्ष निरज रायमाझीका अनुसार विविध कार्यक्रम आयोजना गरी यसवर्षको सप्ताहव्यापी कार्यक्रम गरिनेछ ।

अध्यक्ष रायमाझीका अनुसार ७ मङ्सिरमा जेसीज सप्ताह उद्घाटन गरिने तय भएको छ भने ९ देखि १४ मंसिरसम्म ७ वटा कार्यक्रम सञ्चालन हुनेछन् । पालुङ जेसीज सप्ताहअन्तर्गत ९ मङ्सिरमा लक्ष्यनिर्धारण तालिम गरिनेछ ।

कार्यक्रमको संयोजकमा विराज थापा तोकिएका छन् । १० मङ्सिरमा विश्वनाथ रायमाझीको संयोजकत्वमा प्रदीप जेसीज दौड प्रतियोगिता, ११ मङ्सिरमा अजय कार्कीको संयोजकत्वमा न्यानोकपडा वितरण कार्यक्रम, १२ मङ्सिरमा रोशनी गोपालीको संयोजकत्वमा वक्तृत्वकला प्रतियोगिता, १३ मङ्सिरमा रचना बस्नेतको संयोजकत्वमा भरत-रत्न छात्रवृत्ति कार्यक्रम र सप्ताह अन्तर्गतको अन्तिम दिन १४ मङ्सिरमा श्रीकृष्ण श्रेष्ठको संयोजकत्वमा मैत्रीपूर्ण जेसीज कप फुटबल प्रतियोगिता सञ्चालन हुनेछ ।

पालुङ जेसीजले सञ्चालन गरेको सप्ताहव्यापी कार्यक्रमको समापन १५ मंसिरमा गरी पुरस्कार तथा प्रमाणपत्र वितरण गरिने छ । जेसीज सप्ताह भव्यताकोसाथ सम्पन्न गर्नका लागि मानसिंह दोङ संयोजक र नारायण कार्की सहसंयोजक तोकिएका छन् । जेसीजले हरेक वर्ष विभिन्न रचनात्मक क्रियाकलाप गर्दै आफ्नो सप्ताहव्यापी कार्यक्रम गर्दै आइरहेको महासचिव विक्रम गोपालीले जानकारी दिए ।

# थाहाले कृषिदेखि डाक्टर पढ्नसम्म छात्रवृत्ति दिने



साझाकुरा संवाददाता

हेटौंडा, २ मंसिर/ मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिकाले प्राविधिक शिक्षा पढ्नको लागि छात्रवृत्ति दिने भएको छ । थाहा नगरपालिकाको 'उपप्रमुख प्राविधिक छात्रवृत्ति वितरण कार्यविधि, २०८१' बमोजिम छात्रवृत्ति दिनका लागि सूचना आव्हान गरेको छ ।

२७ कार्तिकमा प्रकाशित सूचनाको दरखास्त दिने अवधि ७ दिन तोकिएको छ । थाहा नगर पालिकामा स्थायी बसोबास भएका र प्राविधिक विषयमा स्नात्तक वा स्नातकोत्तर तह अध्ययन गरिरहेकालाई छात्रवृत्ति दिने नगर पालिकाले जनाएको छ । सूचनाअनुसार चिकित्साशास्त्र स्नात्तक तथा स्नातकोत्तर तह, इन्जिनियरिङमा स्नातकोत्तर तह, कृषि स्नात्तक, नर्सिङ स्नात्तक र अन्य प्राविधिक विषय पढ्न छात्रवृत्ति प्रदान गरिने सूचनामा उल्लेख छ ।

# जनकल्याणले सातौंपटक जित्यो राष्ट्रपति रनिङशिल्ड उपाधि



साझाकुरा संवाददाता

हेटौंडा, २ मंसिर/थाहा नगरपालिका-३, स्थित जनकल्यण माध्यमिक विद्यालयले थाहानगर राष्ट्रपति रनिङशिल्ड-२०८१ को उपाधि जितेको छ ।

जनकल्याण माविले २८ स्वर्णपदकसहित ८ रजत र १० काश्यपदक पाएको छ । जनकल्याणले २०८० मा भएको रनिङशिल्डमा १७ र २०७९ को प्रतियोगितामा १५ स्वर्णसहित उपाधि जितेको थियो । गत ६ वर्षको साविक विजेता समेत रहेको जनकल्याण माविले सातौंपटक अत्याधिक पदकसहित जित आफ्नो पोल्टामा पारेको छ । प्रतियोगितामा ८ स्वर्ण ५ रजत १ काश्यसहित स्वच्छन्दभैरव मावि थाहा-९ चित्लाङ दोस्रो भएको छ । २ स्वर्ण ७ रजत र ९ काश्यपदकसहित सुनौला मावि थाहा-१ तेस्रो भएको छ ।

प्रतियोगितामा प्रथम भएसँगै जनकल्याण माविले नगद २५ हजार शिल्ड, मेडल र प्रमाणपत्र, द्वितीय भएको स्वच्छन्दभैरव माविले नगद १५ हजार शिल्ड, मेडल र प्रमाणपत्र, तृतीय भएको सुनौला माविले नगद १० हजार शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । तीन वर्षको नतिजा हेर्दा जनकल्याणको उपाधिमा कुनै पनि विद्यालय प्रतिस्पर्धामा छैनन् ।

२०७९ को उत्कृष्ट ३ मा समावेश भई दोस्रो स्थान हासिल गरेको सुनौला मावि २०८१ मा उत्कृष्ट ३ बाट बाहिरिएको छ भने २०८१ मा तेस्रो स्थानसहित कमब्याक भएको छ । २०७९ मा तेस्रो भएको बज्रवाराही मावि २०८० र २०८१ मा उत्कृष्ट ३ भित्र पर्न सकेन । २०८० को दोस्रो भएको बागेश्वरी मावि थाहा-११ र तेस्रो भएको झम्केश्वरी मावि थाहा-१ पनि २०८१ को प्रतियोगितामा उत्कृष्ट ३ बाट बाहिरिएका छन् ।

त्यस्तै राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामै अंक जोडिने गरी संचालन भएको मेयर कप भलिबल प्रतियोगिताको छात्रतर्फ स्वच्छन्दभैरव मावि थाहा-९ चित्लाङ प्रथम र द्वितीय मत्स्यनारायण मावि भएको छ । छात्रातर्फ प्रथम मत्स्यनाराण मावि प्रथम र नाटेश्वर मावि थाहा-१० टौखेल द्वितीय भएको छ । दुवैतर्फका प्रथम हुनेले १५/१५ हजार नगद र द्वितीय हुनेले १०/१० हजार नगद, शिल्ड तथा प्रमाणपत्र पुरस्कार पाएका छन् ।

कार्यक्रमका विजयी विद्यालय तथा विद्यार्थी खेलाडीलाई पुरस्कार नगरप्रमुख विष्णुबहादुर विष्ट तथा उपप्रमुख भरत गोपालीले वितरण गरेका थिए । कार्यक्रममा नेपाली काँग्रेसका नगरउपसभापति नवराज कार्की, नेकपा (माओवादी केन्द्र) का नगरअध्यक्ष बिनोद लामा, नेकपा (एकीकृत समाजवादी) नगर अध्यक्ष सुरेन्द्र थापा, राप्रपाका कुलमान तामाङलगायत राजनीतिक दलका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

कार्यक्रमको अबसरमा थाहा नगरका वडाध्यक्षहरु, विभिन्न विषयगत समितिका पदाअधिकारीहरु, स्थानीय संघसंस्थाका प्रतिनिधिहरु, शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रतिनिधिहरु, खेलकुदका निर्णायकलगायत उपस्थिति थियो । पुरस्कार वितरण तथा समापन कार्यक्रम थाहानगर खेलकुद विकास समितिका संयोजक टीकाराम स्याङ्तानको अध्यक्षतामा भएको थियो । २९ कार्तिकबाट ३ दिनसम्म इन्द्रायणीचौरमा राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिता सञ्चालन भएको हो ।

# कफीको मूल्य हालसम्मकै उच्च

काठमाडौं, २ मंसिर/ राष्ट्रिय चिया तथा कफी विकास बोर्डले कच्चा कफीको सहमत मूल्य तोकेको छ । आइतबार बोर्डले सूचना जारी गर्दै नयाँ मूल्यबारे जानकारी दिएको हो ।

बोर्डका अनुसार विभिन्न ग्रेडका कच्चा कफीको मूल्य प्रतिकिलो ९५ देखि ५ सय ३५ रुपैयाँ तोकिएको छ । २०८१/८२ का लागि प्राविधिक समितिले गरेको अध्ययन एवं सिफारिस समेतका आधारमा विभिन्न काँचो कफीको न्यूनतम सहमत मूल्य कायम गरिएको हो ।

पछिल्लो १० वर्षमा कफीको मूल्य ह्वात्तै बढेको देखिन्छ । ग्रेड एको फ्रेस चेरीको मूल्य किलोको १ सय ५ र ग्रेड बीको ९५ पुगेको छ । २०७२ मा यसको मूल्य किलोको ८० र ७५ थियो । ८ सय मिटर भन्दा माथि, प्राङ्गारिक पद्दति अपनाएर उत्पादन गरिएको, ठिक्क पाकेको, पानीमा राख्दा डुब्ने, केलाएर छानिएको कफीको दानालाई फ्रेस चेरी भनिन्छ । यस्तै ग्रेड एको पार्चमेन्ट कफी ५ सय ३५ रुपैयाँ किलो र ग्रेड बीको ४ सय ८२ रुपैयाँ नयाँ मूल्य तोकिएको छ । २०७२ सालमा पार्चमेन्ट कफी ग्रेड एको ४ सय र ग्रेड बीको ३ सय ७५ थियो । गुणस्तरीको फ्रेस चेरीबाट उत्पादन भएको, पानीमा राख्दा डुब्ने, ११ प्रतिशत चिस्यान भएको कफी पार्चमेन्टलाई ग्रेड ए मानिन्छ ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरूः**

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

**हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)**
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७



## शिक्षक आवश्यकता

प्रस्तुत विषयमा शिक्षा विकास महाशाखा हेटौंडा उपमहानगरपालिका मकवानपुरको च.न. २२४ मिति २०८१/०७/३० को प्राप्त पदपूर्ति अनुमति पत्र तथा विद्यालय व्यवस्थापन समितिको २०८१/०८/०२ को निर्णय अनुसार यस विद्यालयलाई प्राप्त शिक्षण सिकाई अनुदान कोटाबाट तपशिल बमोजिमको माध्यमिक तह विज्ञान शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले उल्लेखित योग्यता पुगेका नेपाली नागरिकहरुबाट १५ दिन भित्र रितपूर्वक दरखास्त आह्वान गरिन्छ ।

**तपशिल**

विज्ञापन नं. ०१/२०८१
पदः मा.वि. विज्ञान (शिक्षण अनुदान कोटा)
संख्या : १ (एक)
नियुक्ति किसिम : शिक्षण सिकाई अनुदान/करार
उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
तलब : नेपाल सरकारले तोके बमोजिम अनुदान रकम
आवश्यक शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषयमा स्नातक तह उत्तीर्ण

**आवश्यक कागजात :**

१) निवेदन (हस्तलिखित)
२) नेपाली नागरिकता प्रमाणपत्रको छायाँप्रति-१
३) मा.वि. तहको स्थायी अध्यापन अनुमति पत्रको छायाँप्रति-१
४)शैक्षिक योग्यताको प्रमाणपत्रको छायाँप्रति-१
५) बायोडाटा एक प्रति/अनुभव केही भए सो समेतको छायाँप्रति-१

परीक्षा दस्तुरः रु. १५००।- (एक हजार पाँच सय मात्र)
दरखास्त दिने अन्तिम मिति : २०८१/०८/१६ गते विद्यालय समयसम्म
सम्पर्क मिति : २०८१/०८/१६ गते
परीक्षा मिति : सम्पर्क मितिमा तोकिने ।
परीक्षा किसिम : लिखित, मौखिक र आवश्यकता अनुसार कक्षा अवलोकन
नोट : शिक्षक सेवा आयोगद्वारा प्रकाशित करार सूचीमा समावेश उम्मेदवारले विज्ञापन प्रकाशित भएको मितिले ७ दिनभित्र आवेदन दिनुपर्नेछ ।
थप जानकारीको लागि सम्पर्क नं. : ९८४५५६८००० (प्र.अ.), ९८४५१२२५२५ (अध्यक्ष वि.व्य.स.)

**श्री राजदेवी माध्यमिक विद्यालय**

हे.उ.म.न.पा.-१७, गुवाबारी, राजदेवी, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना